वर्ष : १४, अंक : १५, काठमाडौं, २०७५ साउन ११ गते शुक्रबार 27 July 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## बाटो बिराएको राजपा

# कांग्रेसलाई रोज्ने कि सरकारको साथ छाड्ने ?

**मधेशवाणी डेस्क**

काठमाडौं । मनसुनको पानीले समग्र मधेश बाढीको प्रकोपबाट त्राहीमाम भइरहँदा र ४० डिग्री सेल्सियस आसपासको तापक्रममा मधेशको जनजीवन कष्टकर भइरहँदा मधेशका दलहरूले पनि मौसमी परिवर्तन देखाएका छन् ।

साउनको ३ गते जब आम मधेशी रात काट्ने तरखरमा थिए, राजपा नेपालका शीर्ष नेताहरू प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी नेपालका अध्यक्षमण्डलका नेताहरू केपी ओलीलाई भेटेर १० बुँदे ज्ञापन बुझाए । ज्ञापन पत्रमा उनीहरू राजनीतिक मागका साथै मधेशी जनताको जनजिविकाका सवालहरू पनि उठाएका थिए । निकै जोशका साथ बालुवाटार पुगेका उनीहरू प्रधानमन्त्रीको एक वाक्यबाटै निस्तेज भए र निःशब्द भएर फर्के । प्रधानमन्त्रीले दिएको जबाबको खण्डन गर्न पनि राजपाका नेताहरू सकेन । प्रधानमन्त्रीले त्यस्तो के भनि दिए कि उनीहरू त्यसको जबाब दिन सकेन । यो घटनाले मधेशी नेताहरू कमजोर गृहकार्य र मनोबलका साथ बालुवाटार पुगेको प्रतीत हुन्छ ।

राजपाको ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्री ओलीले राजपाले पहिला उठाएका कतिपय माग असान्दर्भिक भइसकेको जवाफ दिएपछि उनीहरू नाजवाफ भएका थिए । प्रधानमन्त्रीले मधेशको विकासका लागि मानसिकता पनि परिवर्तन गर्नुपर्ने सुझाए र मधेशको समग्र विकासका वृहत् योजना बनाउने प्रस्ताव पनि गरे ।

'हिजोका कतिपय माग आज असान्दर्भिक भइसकेका छन् । त्यसमा तपाईंहरूले पनि पुन: विचार गर्नुहोस्' प्रधानमन्त्री ओलीले भनेका थिए । ओलीको जबाबमा राजपाका नेताहरूले के भने त्यो त बाहिर आइसकेको छैन तर उनीहरू खुलेर प्रधानमन्त्रीको भनाइको खण्डन गर्न सकेनन् 'हिजोका कतिपय माग आज कसरी असान्दर्भिक' भए ?

खासमा राजपाले उठाएको माग कुनै नयाँ थिएन । उसले सधैं भन्दै आएको मागहरूलाई नै एकत्रित गरेर ज्ञापन पत्रमा राखेको हो ।

संविधान संशोधन तथा कैलाली क्षेत्र नम्बर एकबाट निर्वाचित राजपाका सांसद रेशम चौधरीलाई प्रमाणपत्र उपलब्ध गराई शपथ ग्रहण गराउनु पर्ने, मधेश आन्दोलनका क्रममा पक्राउ परेकाहरूको रिहाई तथा घाइतेहरूको उपचार र क्षतिपूर्ति दिइनु पर्ने, गत वर्षको बाढीबाट प्रभावितहरूलाई राहत उपलब्ध गराउनु पर्ने र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरधाम भ्रमणका क्रममा घोषणा गरिएको अनुदान वापतको रकमको कार्यक्रम अगाडि बढाउनु पर्ने, संविधान अनुसार प्रदेशलाई प्रदान गरिएको अधिकार बमोजिम ऐन कानुन निर्माण गरी प्रदेश सरकारलाई कामकारवाही गर्ने वातावरण बनाइ दिनु पर्ने, सरकारले पद मुक्त गरेका विभिन्न निकायका पदाधिकारीहरूको पुनर्नियुक्तका साथै करार, अस्थायी रूपमा काम गरिरहेका कर्मचारीहरूलाई पुन: काममा फर्काउनु पर्ने माग उठाइएको छ । तर राजपाको मागलाई प्रधानमन्त्रीले हल्का रूपमा लिएको र 'असान्दर्भिक' भनिरहँदा पनि राजपाले त्यसप्रति प्रतिक्रिया नजनाउनु आफैमा उदेशलाग्दो कुरा हो । प्रधानमन्त्रीले कुन आधारमा मागहरूलाई 'असान्दर्भिक' भनेको त्यो स्पष्ट छैन । उनले भनेको तर्कको मधेशी नेताले प्रतिवाद गर्न नसकेर उनीहरूको कमजोरी छर्लङ्गमात्र भएको छैन, आफ्नो निरिहता पनि सावित गरेको छ ।



*प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाउँदै राजपा संयोजक महन्थ ठाकुर ।*

> कथम्कदाचित सरकारले संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गरायो भने त्यसको जस निश्चित रूपमा संघीय समाजवादी फोरमलाई जानेछ । यही भएका कारण राजपाले सरकारको सशक्त विरोध गर्न सकेको छैन ।

ज्ञापनपत्र दिए लगत्तै राजपा नेपालका अध्यक्ष मण्डलको बैठक बसेर सरकारलाई दिएको ज्ञापनपत्र र आफूहरूले उठाएको मागप्रति समीक्षा गरेको थियो । एक नेताका अनुसार पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिने कि निरन्तता दिने विषयमा पनि छलफल गरेको थियो ।

प्रधानमन्त्री ओलीलाई राजपाले दिएको समर्थन फिर्ताको बहस पनि पार्टीभित्र नयाँ होइन । राजपाका नेताहरूले पटक-पटक समर्थन फिर्ता लिने धम्कीपूर्ण भाषा बोल्दै आएका छन् । तर उनीहरूको यस अभिव्यक्ति भित्र त्रास पनि छ । त्यसैले खुलेर पनि बोल्न सकेका छैनन् । कारण कथम्कदाचित सरकारले संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गरायो भने त्यसको जस निश्चित रूपमा संघीय समाजवादी फोरमलाई जानेछ । यहि भयका कारण राजपाले सरकारको सशक्त विरोध गर्न सकेको छैन ।

'संविधान संशोधनका लागि' भन्दै फोरम सरकारमा गएपछि राजपामाथि थप दबाब र चुनौती थपिएको छ । उसले अब के गर्ने रणनीति पनि बनाउन सकेको छैन । निकै सकसका साथ संसदीय दलको नेता चयन गरे पनि संसदीय दलको उपनेता, प्रमुख सचेतक, उपसचेतक चयन गर्न बाँकी छ । पार्टीले आफनो पहिलो महाधिवेशन गर्न पनि बाँकी छ र त्यसका लागि भ्रातृ संगठन र तल्लोस्तरमा रहेका संगठनको पनि एकीकरण गर्न बाँकी छ । यस आधारमा हेर्दा पार्टी अहिले पनि अस्तव्यस्त नै छ ।

**अबको बाटो**

सरकारमाथि दबाब बढाउनका लागि राजपा नेपालले काँग्रेससँग सहकार्य गर्ने चर्चा पनि पटक पटक उठेको छ । यसै सन्दर्भमा संयोजक महन्थ ठाकुरले काँग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गरेका थिए ।

छलफलमा एक अर्काको मुद्दालाई समर्थन गर्ने दुई नेताबीच सहमति बनेपनि साझा मुद्दा भने अझै तय भएको छैन । निर्वाचनअघि पनि काँग्रेसले लोकतान्त्रिक गठबन्धन बनाउने भनेर राजपा र फोरमको साथ लिन प्रयास त गरेको थियो तर काँग्रेसकै कारणले त्यो पूरा भएको थिएन । अहिले फेरि दुबै दल सहकार्य गर्न आतुर भएपनि संविधान संशोधनको विषयमा कुरा मिल्छ नै भन्न सकिने आधार छैन किनभने संशोधनको विषयमा सरकारले ल्याउने प्रस्ताव काँग्रेसले नमान्ने निश्चय छ । यदि राजपा र काँग्रेसबीच सहकार्य भयो भने त्यसपछि राजपालाई 'घाटाको राजनीति' सुरू हुन्छ । राजपाका लागि अहिले काँग्रेससँगको सहकार्य वा सरकारसँगको साथ दुवै गाह्रो भएको छ ।

## समर्थन फिर्ता लिने संकेत



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य महेन्द्र राय यादवले सरकारलाई आफूहरूले समर्थन गरेवापतको अनुभूति प्राप्त नगरेको गुनासो पोखेका छन् । काठमाडौंमा भएको साक्षात्कारमा उनले भने, 'संविधान संशोधन गर्न यो सरकारसँग दुई तिहाई छ, तर हाम्रा कुनै पनि मुद्दाहरू पूरा गरेन, जेलबाट हाम्रा नेता तथा कार्यकर्ताहरू रिहाई भएनन्, मुद्दा फिर्ता, घाइतेहरूको उपचार लगायतका सवालहरू सरकारले सम्बोधन गरेको छैन, बजेटपनि सन्तुलित भएन, यी सबै विषयमा सरकारको ध्यानाकार्षण गराउन हामीले प्रधानमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाएका छौं ।'

नेता यादवले आफूहरूले बुझाएको ज्ञापनपत्रमा सबै कुराहरू समेटिएको जनाए । उनले भने, 'मलेठ घट्नाका सम्बन्धमा मानवअधिकार आयोगको प्रतिवेदन उचित र सही छैन, सरकारले हिजो विभिन्न कालखण्डमा भएका मधेश आन्दोलनका प्रतिवेदनहरू किन सार्वजनिक गरेन, गिरिशचन्द्र लालको संयोजकत्वमा गठित कार्यदलले तयार पारेको प्रतिवेदन सार्वजनिक गर्नुपर्छ ।'

सरकारलाई आफूहरूले समयसीमाभित्र माग पूरा गर्न दबाब दिएको उनको भनाई छ । 'हामीसँगको भेटमा पनि सरकारले हाम्रा मागहरू चाँडै पूरा गर्छौं भनेको छ, हाम्रो समर्थन सरकारले निरन्तरता चाहेको हो कि होइन भन्ने कुरा उसले हाम्रा मागहरू कति छिटो पूरा गर्छ भन्नेमा भर पर्छ ।'उनले भने, 'हामीले विपीको पनि दुई तिहाईको सरकार देखेकै हौं, त्यसैले सरकारले दुई तिहाईको दम्भ देखाउनुहुँदैन् ।' सरकारको दुई तिहाईको दम्भले देश डुबेको उनको आरोप छ ।

## ५७ स्थानमा स्तम्भ निर्माण हुँदै

काठमाडौं । नेपाल र भारतबीच नदी सिमाना रहेका ५७ स्थानमा सीमा स्तम्भ निर्माण गरिने भएको छ । दुई देशबीच विगत लामो समयदेखि नदी सीमा क्षेत्रमा स्थानीयस्तरमा समस्या रहँदै आएपछि उक्त समस्याको निराकरण दीर्घकालीन रूपमै गर्न कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गत रहेको नापी विभागले गृहकार्य गरिरहेको छ ।

नेपालका २७ जिल्ला र भारतका चार प्रदेशका २० जिल्ला नेपाल-भारत अन्तर्राष्ट्रिय सीमासँग जोडिएका छन् । दुई देशबीच विगत लामो समयदेखि नै नदी सिमानाका विषयमा स्थानीयस्तरमा समस्या रहँदै आएको छ ।

आउँदो असोज महिनाको पहिलो साता काठमाडौंमा हुने बाउन्ड्री वर्किङ ग्रुप (बिडब्लुजी)को उच्चस्तरीय संयुक्त बैठकले त्यसको दीर्घकालीन समाधानका लागि थप पहल गर्ने नापी विभागका सीमा शाखा प्रमुख एवं प्रमुख नापी अधिकृत कृष्णप्रसाद सापकोटाले जानकारी दिए ।

सापकोटाका अनुसार नेपाल र भारतबीचको करिब एक हजार ८८० किलोमिटर सिमानामध्ये नदी सिमानाको लम्बाइ ६४० किलोमिटर रहेको छ । सोही ६४० किलोमिटरबीचको ५७ स्थानमा स्तम्भ गाड्ने काम हुन लागेको हो ।

यसअघि दुई देशबीच विभिन्न चरणमा भएका सहमतिका आधारमा नदी सिमाना कायम रहिआएका स्थानहरूमा कुन कुन आधारमा सीमा निर्धारण गर्ने भन्ने विषयमासमेत सहमति कायम भइसकेको छ । विभागका अनुसार दुई देशबीच सन् १८१६ मा भएको सुगौली सन्धिपछि विभिन्न समयमा बनाइएका दुबै पक्षलाई मान्य नक्शाका आधारमा स्थायी सीमा निर्धारण गर्ने सहमति भएको छ । नेपाल र भारतबीचको नदी सिमानामध्ये करिब २०० किलोमिटर महाकाली नदी, करिब २० किलोमिटर नारायणी नदी, करिब ८० किलोमिटर मेची नदी र करिब ३४० किलोमिटर स-साना ५४ वटा नदीनालाको सिमाना रहेको प्रमुख सापकोटाले जानकारी दिए ।

## प्रदेश २ मा ९६ करोड कम राजश्व संकलन

वीरगन्ज । आर्थिक वर्ष २०७४र७५ मा सुख्खा बन्दरगाह कार्यालय सिर्सियाले लक्ष्य गरेभन्दा रू ९५ करोड ९० लाख ५६ हजार कम राजश्व संकलन गरेको छ । सरकारले सिर्सियालाई आव २०७४र७५ मा रू २८ अर्ब २९ करोड ४२ लाख ५९ हजार राजश्व उठाउने लक्ष्य दिएको थियो । कार्यालयले ९६ दशमलव ५ प्रतिशत अर्थात् रू २७ अर्ब ३३ करोड ५१ लाख ९३ हजार मात्र राजश्व उठाउन सकेको छ । आव २०७३/७४ मा कार्यालयलाई रू २१ अर्ब चार करोड आठ लाख ८० हजार राजश्व उठाउने लक्ष्य दिएकामा रू २१ अर्ब ५८ करोड ८५ लाख राजश्व संकलन गरेको थियो । सुख्खा बन्दरगाह कार्यालयका भन्सार अधिकृत धनबहादुर बडुवालका अनुसार आव २०७४र७५ मा सो कार्यालयले भन्सार महसुलतर्फ रू ११ अर्ब ६४ करोड ३० लाख ५३ हजार, मूल्य अभिवृद्धि करतर्फ रू १४ अर्ब दुई करोड ६० लाख ३८ हजार तथा अन्त:शुल्कतर्फ रू एक अर्ब ६६ करोड ६१ लाख राजश्व संकलन गरेको थियो । विसं २०६४ मा स्थापना भएको सिर्सिया सुख्खा बन्दरगाहलाई चालू आवमा रू ३६ अर्ब २४ करोड ३२ लाख ६ हजार राजश्व उठाउने लक्ष्य दिइएको छ ।

## वारपारको लडाई लड्न तयार छौं : मन्त्री सोनल



संजय तिवारी, कलैया । प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले प्रदेश सरकारका विधेयकहरूमा अवरोध सिर्जना गरी केन्द्र सरकारले संघीयता समाप्त पार्न खोजेको आरोप लागाएका छन् । उनले केन्द्र सरकारको असहयोगको सीमा समाप्त भएको भन्दै प्रदेश सरकार वारपारको लडाई लड्न तयार रहेको बताए । मन्त्री सोनलले प्रदेशले ल्याएको 'प्रदेश प्रहरी ऐन'मा अनाहकको बखेडा झिकि सरकारलाई काम गर्नबाट रोख्न खोजेको आरोप समेत केन्द्र माथि लगाए ।

'सरकार बदनियतपूर्ण रूपले संविधान विपरीत प्रदेशलाई रोकिरहेको छ ।' उनले भने 'अब हामी चुप लागेर बस्दैनौ, हामी आफ्नै प्रहरी भर्ना गर्छौं र केन्द्र सरकारसँग लड्छौं ।' राष्ट्रिय जनता पार्टी नेपाल बाराले मंगलबार कलैयामा आयोजना गरेको पत्रकार सम्मेलनमा आर्थिक वर्ष २०७५/७६ को बजेटमाथि बोल्दै सोनलले प्रदेशलाई बजेटमा उपहास गरिएको र देशमा पुरानै ढाँचाको नीति लागू गर्न खोजिएको बताए । 'प्रधानमन्त्री कार्यालयको बजेट जति पनि प्रदेशको बजेट छैन ।' उनले भने 'यस्तो अवस्थामा केन्द्रसंग टकरावको अलावा कुनै बाटो देखिदैन ।'

मुलुक संघीयतामा गइसक्दा पनि केन्द्र सरकारले प्रदेश सरकारको बिना सहमति र सहकार्य विभिन्न कार्यालयका सेवाकेन्द्र स्थापनाको निर्णय गरी संविधान मिचिरहेको आरोप समेत उनले लगाए । उनले भने 'अब चुप लागेर बस्न सकिँदैन, कि त सरकारले सहज वातावरण बनाओस् कि त भिडन्तका लागि तयार रहोस, बल उसकै पोल्टामा छ ।' राष्ट्रिय जनता पार्टी नेपालका महामन्त्रीसमेत रहेका सोनलले रेशम चौधरीको सपथ, आन्दोलकारीहरूमाथि लगाइएको झुठो मुद्दा फिर्ता र संविधान संशोधनको ग्यारेन्टी नहुञ्जेल राजपा सरकारमा नजाने बताए ।



**मधेशी दलका नेताहरू स्वार्थमा लिप्त भए**

– अभिषेक प्रताप शाह



**मधेशीले नेपाली शासनमा पहिचान खोज्नु कल्पना मात्र**

– कैलाश महतो

अन्तर्वार्ता पृष्ठ ३ मा

समय-सन्दर्भ

राजकुमार चौधरी

## मधेशप्रति विभेदको मनोविज्ञान

> तत्कालीन शासकहरूले किन तराई मधेशका सुकुमबासीलाई जग्गा वितरण गरेन ? के यो राष्ट्रिय सम्पति वन विनास गरेर एउटा समुदायले व्यक्तिगत सम्पति बनाउनु भ्रष्टाचार र विभेद होइन ?

पृथ्वीनारायण शाहले मकवानपुर र उपत्यका आफ्नो अधिनमा लिएपछि सर्वप्रथम राज्यसत्ताको मेरूदण्ड सैन्य संगठनबाट तिरहुतिया सेनालाई हटाई मधेशबासीलाई सधैंका लागि पूर्णत: निषेधित गरे । त्यसपछि बृटिश ईष्टइण्डिया कम्पनीलाई मधेशको कुत बुझाउँदै पुस्तौ-पुस्तादेखि उपभोग गर्दै आएका उर्वरभूमि पृथ्वीनारायण शाहले सैन्यबलद्वारा खोसेर राजपरिवारका सदस्यहरू, भारदारहरू, सैनिक उच्चअधिकारीहरू, उच्च पदस्थ कर्मचारीहरू, राजगुरू, राजपुरोहितको नाममा बक्सिस, बिर्ता, जमिन्दारी, जागीरदारी, तालुकदारी, गुठी आदिको रूपमा वितरण गरी मधेशबासीहरूलाई भू-दास बनाए । महेशचन्द्र रेग्मी १९८४, ह्योमे के, २००५ का अनुसार 'तराईलाई भर्खरै स्थापित नेपालको शक्तिको श्रोत (कन्स्टिचुयन्ट युनिट) का रूपमा रहेका पहाडे मूलका काठमाडौंका कुलिन र भारदारहरूलाई आर्थिक र अरू किसिमले लाभ पुर्‍याउने उपनिवेशका रूपमा लिइएको थियो ।'

२०२१ साल सम्ममा सम्पूर्ण तराईको ७० प्रतिशतभन्दा बढी जमिन चाही राणा, शाह, दरवारका भारदार र काठमाडौंका सम्भ्रान्तहरूकै मौजा थियो (गौतम भास्कर २०७०) । १९ औं शताब्दीको मध्यमा तराईको विभिन्न जिल्लामा व्यापक रूपमा वन विनास गरेर उर्वर खेतीभूमीको रूपमा विकास गरिएको पाइन्छ र यो गर्ने गराउने मधेशी नभएर यिनै पहाडी जमिन्दारहरू थिए । तराई मधेशका केही हुने खाने व्यक्तिहरूलाई हेरेर सबैलाई तराईको जमिन्दार ठान्नु आफैमा दुखद र देशको बारेमा अल्प ज्ञानको पराकाष्ठा हो ।

सन् १९७० को दशकको शुरूमा सरकारले भूतपूर्व सैनिक र अरू पहाडियाहरूलाई मधेसमा बसोबास गराउनुको मुख्य उद्देश्य मधेशीहरूको जनसंख्या घटाएर मधेशीहरूलाई मधेशमा अल्पसंख्यकका रूपमा पुर्‍याउनु हो भनेर नेपाली समाचारहरूले लेखेका थिए (गेइज १९७५) । सन् १९६५ मा तत्कालीन राजा महेन्द्रको सवारी अछाम हुँदा भएको हुकुम बक्समा तराईको उर्वरवन जंगल भूमीमा सत्तालाई सहयोग गर्ने परिवारलाई बसाई सराई गराउने भन्ने निर्देशन भएबाट पश्चिम तराईका जिल्लाहरूमा वन फडानी गरी पहाडीहरूलाई बसाए तर थारू कमैयाहरूले जग्गा पाएन (सुसान, जे र अन्य १९९५) । पुनर्वास कम्पनीको नाममा सन् १९८५ सम्ममा ३,५६,४०० विघा तराईको वन फाँडेर ८३ हजार परिवारलाई राज्यसत्ता टिकाउन र राजनीतिक सोचले समर्थकहरूलाई बसाई सराई गराए ( अधिकारी जे र अन्य २००६) ।

किन देशको कमैया लगायत अन्य सुकुम्बासीलाई जग्गा वितरण गरिएन ? के यो विभेद होइन ? २०२० साल देखि २०४१ साल सम्ममा अधिराज्य भरिमा ५,७०,००० हेक्टर वन विनास भयो र यी सबै जग्गा सत्ता नजिक भएका पहाडी समूदायलाई नै वितरण गरियो । तत्कालीन शासकहरूले किन तराई मधेशका सुकुमबासीलाई जग्गा वितरण गरेन ? के यो राष्ट्रिय सम्पति वन विनास गरेर एउटा समूदायले व्यक्तिगत सम्पति बनाउनु भ्रष्टाचार र विभेद होइन ? आफ्नो अनुहार र रंग भन्दा फरक देखिने बितिकै भारतीय, पराई ठान्ने मनोभावना गलत हो । २०१८ सालमा हुलाकी मार्गको वेवास्ता गरी मधेशको वन काटेर चुरेको नजिक भएर महेन्द्र राजमार्ग निर्माण गरियो, जसले अघोषित रूपमा मधेशी र पहाडी समूदायबीच रेखा र सीमा खडा गर्‍यो । हुलाकी राजमार्ग नै देशको मुख्य राजमार्ग भएको भए दुइटै समूदाय एक आपसमा घुलमिल हुन्थ्यो । हिमाल, पहाड, तराई, कोई छैन पराई भन्नको लागि उखान मात्र हो कि व्यवहार पनि ?



## सम्पादकीय



# प्रदेश २ सरकारको सकारात्मक कदम

राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक गरेको सप्तरीको मलेठ घटनाको प्रतिवेदनमा असन्तुष्टि जनाउँदै प्रदेश २ सरकारले छानविन गर्ने निर्णय गरेको छ। प्रदेश २ को मन्त्रिपरिषद्को बैठकबाट छानविनका लागि आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवको संयोजकत्वमा ३ सदस्यीय छानविन समिति समेत गठन गरेको हो। समितिले १५ दिनभित्र मलेठ घटनाको निष्पक्ष छानविन गरी मन्त्रिपरिषद्मा प्रतिवेदन बुझाउने छ। राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको मलेठ घटनाको प्रतिवेदनमा मधेशवादी दललाई पनि दोषी देखाएको छ।

प्रतिवेदनमा आन्दोलनकारीहरूले घरेलु हतियार लिएर पर्खाल नाघी कार्यक्रमस्थलमा प्रवेश गर्न खोज्दा प्रहरीले गोली चलाएको उल्लेख गरेकोमा मधेशवादी दल आक्रोशित बनेका छन्। प्रतिवेदनमा झुटा कुरा उल्लेख गरेको राजपा नेताहरूको भनाइ छ। सप्तरीको राजविराज र रूपनीको बीचमा पर्ने गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा तत्कालीन नेकपा एमालेले ०७३ फागुन २३ मा कार्यक्रम आयोजना गरेको थियो। मधेशवादी दल कार्यक्रम गर्न नदिने उद्घोषका साथ विथोल्ने प्रयास गर्दा सुरक्षाकर्मीबीच झडप भएको थियो। झडपका क्रममा सुरक्षाकर्मीले अन्धाधुन्द गोली चलाउँदा ५ आन्दोलनकारीको मृत्यु र दर्जनौं घाईते भएका थिए।

वस्तुतः मलेठ घटनासम्बन्धी राष्ट्रिय मानवअधिकार आयोगले बनाएको रिपोर्ट एकपक्षीय र सरकारलाई पक्षपोषण गरेको जस्तो छ। यसले मधेशी जनताको मानमर्दन मात्र गरेको छैन आयोगको विश्वसनीयतामा पनि प्रश्न उठाएको छ।

**'केही मधेशी जनताहरू' प्रवेश गर्दैमा गोली चलाउने अवस्था आउँछ भने सुरक्षा संयन्त्र कति कमजोर छ भन्ने प्रश्न उठ्नु पनि स्वाभाविक हो तर आयोगको रिपोर्टले यस्तो निम्न प्रकारको तर्क पेश गर्नु आफैमा हास्यास्पद हो।**

आयोगले निष्पक्ष रूपमा काम गर्नुको सट्टा एउटा पक्षको विषयमा मात्र बोल्नु मानवअधिकारकै उल्लंघन हो।

आयोगको रिपोर्टमा भनिएको छ, 'स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरीत औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भएपनि हुन नदिने वा विथोल्ने कटिबद्ध भई त्यहाँ जाइलाग्ने प्रदर्शनकारीहरूको अगुवाई गर्ने सप्तरी जिल्लाको मधेशी मोर्चा नै मुख्य दोषी रहेको' भन्ने वाक्यांश नै विवादित र एक पक्षीय छ।

मलेठ घटनाको छानविनका लागि राष्ट्रिय मानवअधिकार आयोगले २०७३ चैत ३१ गते घटनाका सम्बन्धमा अनुसन्धान गर्न एक उच्चस्तरीय समिति गठन गरी छानविन गर्ने निर्णय गरेको थियो। सोही बमोजिम सर्वोच्च अदालतका पूर्व न्यायाधीश ताहिर अली अन्सारीको संयोजकत्वमा फरेन्सीक विशेषज्ञ डा.हरीहर वस्ती, राष्ट्रिय मानवअधिकार आयोगका मानव अधिकार अधिकृतद्वय मन्जु खतिवडा र जीवन न्यौपाने सदस्य रहेको उच्चस्तरीय छानविन समिति बनाइएको थियो।

आयोगको रिपोर्ट पूर्वाग्राही रहेको र यसले सरकारको बचाउ गर्न आधारहीन तथा तथ्यहीन कुराहरू राखेकाका कुनै शंका छैन। त्यसैले प्रदेश २ सरकारले मात्र होइन सम्पूर्ण मधेशमा यसको व्यापक विरोध हुन थालिएको छ। पीडकमाथि कुनै किसिमको कारवाहीको सिफारिस नगरिएको र पीडितलाई न्याय दिलाउन नसक्ने खालको रिपोर्टको कुनै औचित्य छैन।

रिपोर्टले घटनाको मुख्य दोषी मधेशी जनता र मधेशी मोर्चालाई देखाइएको छ। जबकी प्रदर्शनकारीले कुनै पनि प्रकारको हतियार बोकेका थिएनन्। आयोगले यस सम्बन्धमा कुनै प्रमाण पेश गर्न सकेको छैन। यस्ता त्रुटीपूर्ण र असंगत तथ्यहरूले रिपोर्ट भरिएको छ।

प्रहरीले बल प्रयोग गर्दा सबै प्रक्रियाहरू अवलम्बन गरेको र कुनै सिप नलागे पछि 'केही मधेशी जनताहरू' कार्यक्रमस्थलमा प्रवेश गर्न लाग्दा धेरै मानवीय क्षति नहोस् भनेर सशस्त्र प्रहरीले गोली चलाएको रिपोर्टको दाबी छ। 'केही मधेशी जनताहरू' प्रवेश गर्दैमा गोली चलाउने अवस्था आउँछ भन्ने सुरक्षा संयन्त्र कति कमजोर छ भन्ने प्रश्न उठ्नु पनि स्वाभाविक हो तर आयोगको रिपोर्टले यस्तो निम्न प्रकारको तर्क पेश गर्नु आफैमा हास्यास्पद हो।

प्रदर्शनकारीलाई प्रहरीले टाउको र छाति ताकेर गोली हानेको कुरा आयोगले बिर्सेको छ। यस्तो अवस्था सिर्जना कसरी भयो र गोली चलाउने बाध्यात्मक अवस्था थियो वा थिएन भन्ने बारे रिपोर्टले स्पष्ट गर्न नसक्दा यो आफैमा अपूर्ण र एकपक्षीय छ।

## साताको सात बात



कांग्रेसले केन्द्रिय समितिको बैठक बसेर औपचारिक धारणा बाहिर ल्याउनुपर्छ। कांग्रेसका एजेण्डा केके हुन् भनेर आम सर्वसाधारणलाई जानकारी गराउनुपर्छ। आन्दोलन भनेको आफ्नो एजेण्डामा गर्ने हो। डा. केसीको मागलाई समर्थन दिने हो, तर त्यसैलाई कांग्रेसको आन्दोलन बनाउनु हुँदैन। **रामचन्द्र पौडेल, वरिष्ठ नेता, नेपाली कांग्रेस**



दुई तिहाईको दम्भ देखाएर अहिलेको सरकारले संविधानमा भएको व्यवस्थालाई नै अटेरी गरिरहेको छ। अहिलेसम्म आईपुग्दा विकासको एजेण्डा, बजेटको बाँडफाँडमा हाम्रो असन्तुष्ट रहेको छ। राष्ट्रसँग जोडिएका सवालहरूमा सरकार गम्भीर भएर अगाडि बढ्नुपर्छ। **महेन्द्र राय यादव, नेता, राजपा नेपाल**



सरकारले दुई तिहाई दम्भका साथ अधिनायकवादी चरित्र देखाइरहेको छ त्यसविरूद्ध लड्न पार्टीका सबै जनवर्गीय संगठनहरू तयारी अवस्था बस्नुपर्छ। सरकार संविधानको आधारभूत मूल्य, मान्यता विपरीतका गतिविधिमा संलग्न हुन थालेको महसुस भएको छ। **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**



जनताले स्थिरता र समृद्धिको पक्षमा जनादेश दिएको हो, वर्तमान सरकार सोही जनादेशअनुरूप नै मुलुकको समृद्धि र विकासमा लागिपरेको छ। आगामी १२ वर्षभित्रमा मध्यम आय भएको मुलुकका रूपमा विकास गर्ने लक्ष्यका साथ सरकार अघि बढेको छ। छन्। **प्रदिप ज्ञवाली, परराष्ट्रमन्त्री**



मेडिकल शिक्षाभित्रको विकृति अन्त्य गर्नुपर्छ, व्यवस्थित गर्नुपर्छ भन्ने कुरामा दुईमत छैन। तर नयाँ खोल्न दिनु हुँदैन, सरकारले मात्रै मेडिकल कलेज खोल्नुपर्छ भन्ने कुरा हुन सक्दैन। असम्भव माग बोकेर हिँड्नुको कुनै अर्थ छैन। यो विवादमा कुनै पनि राजनीतिक दल अल्झिनु आवश्यक छैन। **लालाबाबु पण्डित, मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन**



म महिलाप्रति आफैं संवेदनशील व्यक्ति हुँ। म सेचत छु छोरी मेरो जीवनको गर्व हो। छोरीको अंश र वंश, आमाको नामबाट नागरिकता दिने विषयमा म विगतदेखि लड्दै आएको हुँ। **शेरबहादुर तामाङ, निवर्तमान कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री**



गोविन्द केसीको अनसनको आवरणमा बहुमत प्राप्त सरकारविरूद्धको ग्राण्ड डिजाइन सुरू भएको छ। गोविन्द केसीको अनसन केहीसँग पनि नजोडिएको अलग्गै विषयचाहिँ होइन। पाँच महिना सरकार बाहिर बस्दा कांग्रेस भित्र उत्पात मच्चिन थालिसकेको छ।

**योगेश भट्टराई, नेता, नेपाल कम्युनिष्ट पार्टी**

# मधेशदेखि सिंहदरवारसम्मको घोडेयात्रा

## विचार-विश्लेषण

भाग-१८



### उपेन्द्र झा

मधेशका नेताहरू आफ्नो असफलताका लागि आत्मआलोचना गर्दैनन्। बरू आफ्नो प्रवचनमा मधेशलाई के भन्छन सुनौं- "कुनै पनि आन्दोलन एकै पटक आमूल परिवर्तनको कार्यभार पूरा गर्दैन। कहीं गरेको छ भने, त्यो राजनीतिक परिवर्तनको चरित्रभित्र नआई चमत्कारभित्र पर्दछ। मधेशले आन्दोलनबाट पहिचान कायम गरेको छ। हम्रै प्रयासले मधेश आज संघीयता भोगि रहेको छ। ८ जिल्लामा मधेशलाई सीमित गर्दा हामी अब अर्को मधेशको लागि लड्छौं।"

**विचार** र सिद्धान्तको प्रतिपादन गर्ने राजनीतिक सँगठन (पार्टी) माध्यम हो। सिद्धान्तबिनाको पार्टीको कुनै अर्थ छैन। विचार सामाजिक परिवर्तनको चाहना हो भने पार्टी विचारलाई स्थापित गर्ने माध्यम। अर्थात् कुनै पनि राजनीतिक सँगठनको प्राण उसको विचार हो, सिद्धान्त हो। यही विचारलाई स्थापित गर्न पार्टीसँग आबद्ध लाखौं जनता शहादत दिन तयार रहन्छन्। दिएका पनि छन्। निर्दिष्ट गन्तव्यतिरको यात्रा जेजति कारणले बाटो विराएर, अलमलिएर गतिहीन अवस्थामा पुग्छ, त्यहीं राजनीतिक विचारको अवसान हुन्छ। जनास्थाको हत्या हुन्छ। राजनीतिक सँगठनले जन विश्वासलाई गुमाएर अस्तित्वविहीनताको अवस्थामा पुग्छन्।

सन्दर्भ मधेशलाई नेतृत्व गर्ने राजनीतिक पार्टीको हो। मधेशको स्वामित्व प्राप्त गरेको संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीको हो। राज्यविहीनताको अवस्थाबाट राष्ट्रिय राजनीतिको मूलधारमा समान सहभागिताको आधारमा मधेशलाई सामिल गराउने दावाका साथ हिंडेका यी दलहरू गन्तव्य बिर्सेर गति शुन्य अवस्थामा पुगेको छ। गणेश जस्तै संशोधनको मन्त्रजाप गर्दै राज्यसत्ताको वरिपरि घुमेर पुण्यलाभ लिनेलाई नै दुबै पार्टीले मधेशयात्राको गन्तव्य बुझेका छन्। मधेश आन्दोलन अहिले नेतृत्वविहीन अवस्थामा पुगेको दुबै पार्टीले ठानेका छैनन्। यसपालीको चुनावमा पाएको सीटले दुबै पार्टी मधेशको स्वामित्व आफूसँगै रहेको ठान्दछन्। मधेशको अपेक्षालाई लत्याएर आफ्नो मनोकाँक्षा अनुरूप संविधान घोषणा गर्ने राज्यसत्ताको विरूद्ध मधेशले पहिलो कालो दिवस मनाउँदा दुबै पार्टीलाई सँगै देखेका थिए। त्यसपछि अर्को वर्ष कालो दिवसमा दुबै पार्टी राज्यसत्तासँग लगनगाँठो कसेका थिए। मधेशको आकाँक्षा, अपेक्षासँग अलग्गिएको दुबै पार्टी फेरि पनि दावा राख्छन् भने त्यो भ्रमको निवारण पनि समयले गरि देला।

संघीय समाजवादी फोरम अहिले नेपाल कम्युष्टि पार्टीको सरकारलाई समर्थन दिएर सत्तासीन हुन पुगेको छ। संशोधनको मन्त्रजाप उसले पनि छोडेको छैन। राजपाले पनि सरकारलाई समर्थन गरेर के कति कारणले मन्त्रीपद खान पाएको छैन। संसफो र राजपामा ३६ को आँकडा छ। संसफो राजपालाई पछाडि पारेर सत्तामा पुगेकोमा रमाएको छ। राजपा पनि सत्ता सुख प्राप्त गर्न अनेक दाव खोजी रहेको छ। संशोधन प्रस्तावबाटै प्रधानमन्त्री ओलीसँग वार्गेनिङ्ग गर्ने उद्देश्यले राजपाका ६ वटै नेता सम्मिलित एक टोली यही श्रावण ३ गते विहीवार साँझ ८ बजे प्रधानमन्त्री कार्यालय बालुवाटारमा ज्ञापनपत्र बुझाउन पुगको थियो। ओली महात्म्य पढ्न नपाएर राजपाका नेताहरू अधिकाँश समय ओलीको प्रवचन श्रवण गरेका थिए। कानमा पग्लेको शीशा हाले जस्तै राजपाका नेताहरू छटपटाई रहेको अवस्थामा पनि आफ्नो महात्म्यको अन्तिम पाना समाप्त गर्दै ओलीले केही मिनट ज्ञापनपत्रमा पनि सुझाव दिएका थिए। संशोधन प्रस्तावको औचित्य नै समाप्त भई सकेको अहिले विकासको कामप्रति तपाईंहरू ध्यान दिनुस् भनेर ठाढो विरोध गरेर राजपाका नेताहरूलाई पठाएको थियो। अपमानजनक अवस्थामा राजपाका नेताहरू बालुवाटारबाट फिर्ता आएपछि पारस्परिक मिश्रित प्रतिक्रिया व्यक्त गरि रहेका थिए। कोही समर्थन फिर्ता लिने कुरा गरि रहेका थिए भने कोही समर्थन फिर्ता लिन अहिले उपयुक्त समय नरहेको भनि रहेका थिए। वैचारिक अस्पष्टताको भूमरीमा छटपटिदै राजपाले शनिवार स्वतन्त्र बुद्धिजीविहरूको एउटा भेला बोलायो। सी. के. लालले पनि वैचारिक स्पष्टताको अभाव रहेको सुझाव दिएको थियो।

मधेश कै मुद्दाबाट राजनीतिक प्रतिष्ठा र पहिचान प्राप्त गरेका संसफो राजपा जुन अवस्थामा पुगेपनि मधेशको स्वामित्व हटाउन सक्दैन। तर समग्र मधेशको अस्मिता गुमेको अवस्थामा यी दलहरू के गर्ने भन्ने स्पष्ट धारणा पनि बनाउन सकि रहेका छैनन्। संसदबाटै संशोधन प्रस्तावलाई पास गराउने दुबै पार्टीले लिएको निर्णय अहिले तुहिएको छ। संशोधन प्रस्तावको औचित्य नै समाप्त भएको प्रधानमन्त्री ओलीको सुझावले खिन्न बनेका राजपाका नेताहरू असमंजसमा परेका छन्। उपेन्द्र यादब जस्तो समर्थनबाहेक राजपा सशरीर सरकारमा जान पाएको छैन। न राज्य सुविधा पाएका छन् न मधेश मुद्दालाई अगाडि बढाउन पाएका छन्।

उपेन्द्र यादव यो मामिलामा बिल्कुल स्पष्ट छन्। राज्य सुविधाबाट पार्टी सँगठन बलियो पारेर भविष्यमा विकसित हुने राजनीतिक परिवेशमा संसफोलाई फीट गर्न के कस्तो निर्णय लिनु पर्छ, त्यसमा उपेन्द्र यादब स्पष्ट छ। उनले राजपा जस्तो संशोधन प्रस्ताव लिएर प्रधानमन्त्री कहाँ ज्ञापनपत्र दिन टोली पठाएका छैनन्। तर संशोधन हुनु पर्छ भनि रहेका छन्। सरकार र मधेश दुबैलाई एकै समय सन्तुष्ट पार्न उपेन्द्र जस्तो राजनीतिक कला राजपासँग छैन।

चुनावमा बिना शर्त भाग लिने संसफोको निर्णय पहिले भयो भने राजपाको पछि। सही वा गलत निर्णय लिन संसफो अग्र पंक्तिमा छ भने राजपा संसफो कै निर्णय अनुसार तानिदै आएको छ। अहिले फरक निर्णय देखाउन अगाडि बढ्दा गलत कदम साबित भएको छ। सरकारमा सामेल हुन वार्गेनिङ्गको रूपमा होस् वा मधेशको मुद्दाप्रति इमान्दारी देखाउने नियतले होस् राजपाले अहिले प्रधानमन्त्रीलाई संशोधन प्रस्तावको ज्ञापनपत्र दिनु उचित थिएन। प्रधानमन्त्री ओलीले संशोधन प्रस्तावलाई औचित्यहीन ठहराए पछि, के गर्ने भन्ने बाटो रोज्न राजपालाई संकट भएको छ। उपेन्द्र जस्तै एउटा समयमा कुनै एउटै काम गर्नु पर्दछ।

संशोधन प्रस्ताव वा रेशम चौधरीको रिहाई सम्बन्धी कुनै मुद्दा प्रधानमन्त्रीले सम्बोधन गरेको भए राजपाको मधेशमा हाइट बढ्ने कुरा निश्चित थियो। तर दुबै प्रस्ताव प्रधानमन्त्री अमान्य ठहराएपछि राजपा दोराहामा खडा हुनु परेको छ। मधेश र राज्यसत्ताबीचको मध्यविन्दु खोजेर दुबैलाई आफ्नो पक्षमा राख्ने उपेन्द्र यादबको चाणक्य नीतिको गहराईलाई राजपाले बुझ्न सकेन। उपेन्द्र यादबलाई थाहा छ संशोधन प्रस्ताव कुनै पनि हालतमा ओली सरकारले पास गर्दैन। त्यसकारण उनी बोल्छन् मात्रै, परीक्षा भवनमा संशोधन प्रस्तावलाई छिनराउँदैनन्। सरकारले आरोह अवरोहबाट विकसित हुने परिस्थिति हेरेर पुनश्च निर्णय लिने उपेन्द्रको उद्देश्य एक हिसाबले ठीक पनि हो।

राज्यसत्तालाई भत्काउन उठेका आन्दोलनहरूलाई माइक्रो मेनेजमेन्टको तीक्ष्ण रणनीति अनुसार सरकारले एक दशक लगाएर मधेशी, जनजाती, थारूलगायत आन्दोलनरत सबै शक्तिलाई तह लगाएर बनाएको अभेद्य दुर्गमाथि राजपाको सोझै प्रहार ओलीको लागि बर्दास्तभन्दाबाहिरको कुरा थियो। ओलीले सोझै नकारेर राजपाका नेताहरूलाई फिर्ता पठाएका थिए। राज्य पुनर्संरचनाका लागि उठेका विद्रोह राज्यको ठूलो चुनौती थियो। यसलाई बडो बुद्धिमानी र चालाकी ढंगले बिना कुनै क्षतिको समस्याको समाधान गरिएको छ। राज्यसत्तामाथि अरूको कब्जालाई रोक्न खसवर्गीय शासकहरू पारस्परिक वैरभावलाई बिर्सेर एक भई बचाउन सफल भएको छ। त्यहीं राज्यसत्तालाई चुनौती दिने मधेश टुक्र टुक्रामा बाँडिएको छ।

राज्यविहीनताको अवस्थामा सृजित मधेशको अवसरवादी चरित्रलाई मधेश आन्दोलनले पर्दा हालेपनि पछिका दिनमा यो चरित्रको विशालकाय आकार मधेशभरि नै ढाक्यो। नेतादेखि कार्यकर्ताको पंक्तिसम्म सबैले आन्दोलनको उद्देश्यलाई पन्छाएर व्यक्तिगत स्वार्थपूर्तिमा लागेपछि राज्यले मधेशका कमजोरीलाई बुझि सोहीमाथि प्रहार गरि मधेशलाई म्यानेज गरेको हो। फरक विचारका वर्गीय शासकहरू जहाँ राज्यसत्ता बचाउन एकजूट देखिए, मधेश विखण्डनको तीव्र भासमा थियो।

०६२/०६३ को जनपक्षीय आन्दोलन राज्यपुनर्संरचना गरि पहिचान, समान हकको ग्यारेन्टी गर्न संघीय संरचना हुनु पर्ने अभिप्रायबाट प्रेरित थियो। यी सबैकुरा पूरा गर्न संविधान सभाको गठन पनि भयो। देश संघीय संरचनामा पनि आयो। परिणाम के भयो- शासकवर्ग परिस्कृत रूपमा एकताबद्ध भए। संघीय सरकारमा सम्पूर्ण देशमाथि कब्जा भयो। मधेश ६ टुक्रामा बाँडियो। राज्यलाई चुनौती दिने मधेशलाई नै निस्तेज गर्ने रणनीति राज्यले लिएको थियो। १२ वर्षमा मधेशलाई पाखा लगाउन त्यसभित्र असंख्य आफ्ना अनुयायीहरू जन्मायो।

अवसरवादी चरित्र प्रयोग गरेर मधेशका नेता, कार्यकर्ता तथा सिङ्गो मधेश १२ वर्षमा आफ्नो पहचान, समान हक आदि स्थापना गर्न गरेको यात्रा असफल भएर घोडेयात्रामा रूपान्तरण भएको पत्तै भएन। अहिले पीडाबोध हुनु र त्यस अनुसारको क्रान्तिकारी नारा दिनु, नेतृत्ववर्गले अर्को अवसर खोज्नुबाहेक अरू केही होइन। मधेशका नेताहरू आफ्नो असफलताका लागि आत्मआलोचना गर्दैनन्। बरू आफ्नो प्रवचनमा मधेशलाई के भन्छन सुनौं- "कुनै पनि आन्दोलन एकै पटक आमूल परिवर्तनको कार्यभार पूरा गर्दैन। कहीं गरेको छ भने, त्यो राजनीतिक परिवर्तनको चरित्रभित्र नआई चमत्कारभित्र पर्दछ। मधेशले आन्दोलनबाट पहिचान कायम गरेको छ। हाम्रै प्रयासले मधेश आज संघीयता भोगि रहेको छ। ८ जिल्लामा मधेशलाई सीमित गर्दा हामी अब अर्को मधेशको लागि लड्छौं।"

६ टुक्रामा बाँडिएको मधेश र कहिल्यै पुनश्च एक हुन नदिने राज्यको रणनीति स्पष्ट छ। राज्य र वर्गीय शासकलाई फायदा दिने संघीयता मधेशको लागि अफाप सिद्ध भएको छ। जसरी लोकतन्त्रलाई आफ्नो सुविधाका लागि प्रयोगमा रखेका छन् त्यसरी नै वर्गीयहितमा संघीयता पनि प्रयोग भएको छ। राज्यको गहिरो जनघाती नियत मधेशका राजनीतिक अगुवाहरू नै बुझेका छैनन् भने मधेशी जनता के बुझून्। यो संघीयता भोग्नुभन्दा समग्र मधेशको एकताका लागि प्रयास थाल्न आवश्यक छ।

janukjha24@gmail.com

# भारतीय सहयोगमा बन्ने अरूण तेस्रोले तीब्रता पाउँदै

काठमाडौं। नौ सय मेगावाटको अरूण तेस्रो जलविद्युत आयोजना निर्माण कार्यले आगामी असोजदेखि तीब्रता पाउने भएको छ। काठमाडौंमा भएको नेपाल-भारतका अधिकारीबीचको छलफलपछि निर्माण कार्यलाई गतिदिने सहमति भएको हो।

नेपालका तर्फबाट परराष्ट्र सचिव शंकरदास बैरागी र भारतीय पक्षबाट राजदूत मञ्जिव सिंह पुरीले नेतृत्व गरेको टोलीबीच भएको छलफलमा परियोजना निर्माणमा देखिने बाधालाई हटाउन अन्तर्राष्ट्रिय कानुन पालना गर्ने, स्थानीय बासिन्दालाई क्षतिपूर्ति दिनेसहितका विषयमा छलफल भएको छ। अरूण तेस्रो आयोजना भारत सरकारको लगानीमा निर्माण भइरहेको हो। भारतीय सरकारी कम्पनीद्वारा निर्माणाधीन सो आयोजना निर्माणका लागि भारत सरकारले ९१ अर्ब रूपैयाँ बजेट छुट्याएको छ।

३ हजार स्थानीयलाई रोजगार उपलब्ध गराउने विषयमा पनि नेपाल र भारतका अधिकारीहरूबीच छलफल भएको छ। आयोजनाबाट स्थानीयले प्रत्यक्ष रोजगारी पाउनुका साथै ३० युनिट विद्युत् निःशुल्क पाउनेछन्।

विद्युत् भारत निर्यात गर्ने उद्देश्यको सो आयोजना निर्माण गर्न १ खर्ब ४ अर्ब रूपैयाँ लाग्ने अनुमान छ। भारत सरकारले निर्माण कम्जनी सतलजलाई ९१ अर्ब रूपैयाँ उपलब्ध गराउनेछ। बाँकी हुन आउने रकम सतलजले बैंक ऋण लिएर लगानी गर्नेछ।

आयोजनाको प्रबर्द्धक सतलजले जलविद्युत् उत्पादन र प्रशारण लाइनका लागि गरी १ खर्ब ४ अर्ब लागत अनुमान गरिएको आयोजनाबाट नेपाललाई राजस्व, कर लगायत गरी ३ खर्ब ३८ अर्ब ६६ करोड रूपैयाँ प्रत्यक्ष फाइदा पाउने लगानी बोर्डले जनाएको छ।

बोर्डका अनुसार अरूण तेस्रो आयोजनाबाट उत्पादित कुल बिजुलीबाट १ सय ९७ मेगावाट नेपाललाई निःशुल्क पाउनेछ। यसका साथै अन्य करबापत वर्षेनी करिब १४ अर्ब रूपैयाँ लाभ प्राप्त गर्नेछ। निर्माण पूरा भएको २५ वर्षपछि भने सम्पूर्ण आयोजना नेपालले पाउनेछ। विवादका कारण लामो समयसम्म रोकिएको अरूण तेस्रो परियोजना अघि बढाउन प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणका बेला दुई पक्षीय सहमति भएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका अवसरमा गत वैशाख २८ गते दुवै देशका प्रधानमन्त्रीले यो परियोजना संयुक्त रूपमा शिलान्यास गरेका थिए।

## "भारत र चीनसँग नयाँ शिराबाट सम्बन्ध"

काठमाडौं। परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले मुलुक सही दिशामा अघि बढेको बताएका छन्। अस्थिरता र संक्रमणकालको अन्त्य भएर मुलुक विकास र समृद्धिको बाटोमा अघि बढेको उनले बताए। प्रवासी नेपाली मञ्च, पोर्चुगल, नेपाली जनप्रगतिशील मञ्च, पोर्चुगल र एनआरएन पोर्चुगलको संयुक्त आयोजनामा राजधानी लिस्बनमा भएको छलफल तथा अन्तर्क्रियामा बोल्दै परराष्ट्रमन्त्री ज्ञवालीले जनताले स्थिरता र समृद्धिको पक्षमा जनादेश दिएको र वर्तमान सरकार सोही जनादेशअनुरूप नै मुलुकको समृद्धि र विकासमा लागिपरेको बताए। नेपालका आन्तरिक मामिलामा विगतमा हुने गरेका हस्तक्षेपको अन्त्य गर्दै छिमेकी मुलुक भारत र चीनसँगको सम्बन्ध नयाँ शिराबाट अघि बढेको उनले स्पष्ट पारे। दुबै देशसँग विश्वासको नयाँ आधार सिर्जना भएको उनको भनाइ थियो। छिमेकी मुलुकसँगको सम्बन्ध सुधारसँगै जलमार्ग, रेलमार्ग र कृषिमा साझेदार जस्ता सहयोगका नयाँ योजना पहिल्याइएको पनि उनले बताए।

# मधेशी दलका नेताहरू स्वार्थमा लिप्त भए

**मैले त्यतिबेला दिएको वक्तव्य आजको राजनीतिको सन्दर्भमा तुलना गर्नुहुँदैन । त्यतिखेरको राजनीतिक अवस्था अर्कै किसिमको थियो र अहिले फरक खालको माहौल छ । त्यसैले, त्यतिबेला मैले के लेखें, के बोलें त्यसमा बढी बहस गर्नुपर्ने जरूरी छैन ।**



## अभिषेक प्रताप शाह

### प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस

**० तपाइँले राष्ट्रिय राजनीतिमा मधेशका क्रान्तिकारी युवाको रूपमा पहिचान बनाउनु भएको थियो तर एकाएक मधेशकेन्द्रित दलबाट कांग्रेसमा जानुको कारण के हो ?**

– हेर्नुस्, मधेशको ठेक्का कुनै एउटा क्षेत्रीय पार्टीले मात्रै लिन सक्दैन । त्यो राष्ट्रिय पार्टीहरूको पनि एजेन्डा हो । मधेशकेन्द्रित अथवा एउटा क्षेत्रीय पार्टीको रूपमा चिनिने संघीय समाजवादी फोरम लगायत राष्ट्रिय जनता पार्टी नेपालले केवल मधेशको ठेक्का लिएको होइन । मधेश राष्ट्रिय पार्टीहरूको जिम्मामा हो । त्यसैले राष्ट्रिय पार्टीहरूले पनि यो मुद्दा उठाउनुपर्छ भनेर मैले नेपाली कांग्रेसमा प्रवेश गरेको हुँ ।

**० फोरमले मधेशको मुद्दा उठाएको थिएन त ?**

– फोरमले भूमिका उठाएको थियो तर, त्यति बलियो तरिकाले मधेशको मुद्दालाई देशमा पुऱ्याउन सकेको थिएन ।

**० तर, ती राष्ट्रिय पार्टीहरूले नै विभेद गऱ्यो भनेर तपाईंले भनेजस्तै ती क्षेत्रीय पार्टीहरूको गठन भएको हो नि ?**

– राष्ट्रिय पार्टीहरूले विभेद गरेका छैनन् । ती क्षेत्रीय पार्टीका नेताहरू आफैले विभेद गराएका हुन् ।

**० कसरी ?**

– उनीहरूभित्र रहेका केही सीमित स्वार्थ, व्यक्तिगत स्वार्थ र पदका लागि मात्रै राजनीति गर्ने, मुद्दालाई थाती राख्ने काम गर्दै आएका छन् । अहिले पनि हेर्नुस् तिनीहरूको एजेन्डा कहाँ छ र उनीहरू आफै कहाँ छन् । संविधान संशोधनको कुरो थियो, खोई त संशोधन भएको ? नागरिकताको यत्रो मुद्दा थियो, त्यो खोई त ? अहिले सत्तालिप्सामा मात्रै क्षेत्रीय दलका नेताहरू लागेका छन् । त्यसैले, उनीहरूको यस्तो चरित्र देखेर र उनीहरूमा राजनीतिक चेतनाको कमीको कारणले म त्यहाँ बस्न सकिन । म ती विषयमा धेरै कुरो पनि गर्न चाहन्न । उनीहरूको जुन चरित्र थियो, त्यो चरित्र जनताले आज छर्लङ्ग देखिरहेका छन् । त्यसमा मैले बढी बोल्नुपर्ने आवश्यक्ता पनि छैन ।

**० तपाइँ फोरममा हुँदा सामाजिक सञ्जालमार्फत् छुट्टै मधेश देशका लागि लडौं भन्ने आह्वान पनि गर्नुभएको थियो किन ?**

– नेताहरूको आफ्नो अभिव्यक्ति दिने स्वतन्त्रता हो । मैले त्यतिबेला दिएको वक्तव्य आजको राजनीतिको सन्दर्भमा तुलना गर्नुहुँदैन । त्यतिखेरको राजनीतिक अवस्था अर्कै किसिमको थियो र अहिले फरक खालको माहौल छ । त्यसैले, त्यतिबेला मैले के लेखें, के बोलें त्यसमा बढी बहस गर्नुपर्ने अवस्था मैले देखिरहेको छैन ।

**० नेपाली काँग्रेस अहिलेको अवस्थामा मुद्दाविहीन रहेको देखिन्छ । जुन किसिमको भूमिका उसले निर्वाह गर्नु पर्ने हो त्यस्तो देखिँदैन । के भन्नुहुन्छ ?**

– काँग्रेसको भूमिकाभन्दा पनि सरकारकै भूमिका हेर्नुस् । सरकार गठन भएको ६/७ महिना हुन लागेको छ, अहिलेसम्म सरकारको भूमिका के त ? केवल कर मात्र बढाउने, मन्त्रीहरूले अपशब्दहरू मात्र प्रयोग गर्ने ? अहिलेको अवस्थामा सरकारले सिन्डिकेट प्रथा समाप्त गऱ्यौं भनेर भन्यो तर, खोई त समाप्त भएको । अहिले पनि सिन्डिकेट चलिरहेकै छ । यस्तो अवस्थामा मैले देखिरहेको छु भने केवल जनतामाथि आर्थिक भर थोपार्ने काम मात्र गरिरहेको छ । कांग्रेसकै कारण आज एक मन्त्रीले राजीनामा दिनुपऱ्यो । त्यसैले, काँग्रेसको भूमिका बलियो थियो, बलियो छ र बलियो नै रहन्छ । अहिलेको अवस्थामा नेपाली काँग्रेस एकदम सशक्त रूपले अगाडि बढ्दैछ । हामी आफ्नो सांगठनिक संरचनाहरूलाई पनि मजबुत बनाउँदैछौं । संसदमा पनि कांग्रेसले सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्दैछ । संसद भनेकै विपक्षका लागि हुन्छ र विपक्षकै लागि संसद खोलिन्छ । सरकारमा चेक एण्ड ब्यालेन्स गर्नका लागि संसद छ । संसदमा सरकारले के राम्रो काम गऱ्यो के नराम्रो काम गऱ्यो त्यसको दोष र गुणको आधारमा समर्थन वा विरोध गर्ने थलो हो ।

**० काँग्रेसले डा. गोविन्द केसीकै मात्र मुद्दा लिएर यत्रो विरोध जनाउनुको कारण के ?**

– डा. केसी नेपाली होइन र, डा.केसी नेपालको एउटा धरोहर होइन ? उहाँलाई यदि केही भयो भने त्यसको जिम्मेवारी कसले लिने ? विपक्षले वा सरकारले लिनुपर्दैन ? जब उहाँका मागहरू जायज छन् भने त्यसका लागि कांग्रेसले समर्थन गरेको छ । उहाँका माग पूरा गराउन हामी आन्दोलनरत् पनि छौं । त्यसैले कांग्रेसले डा.केसीको जुन मुद्दा, जुन संवेदनशीलता छ त्यसलाई पनि सरकारले सम्बोधन गर्नुपर्छ भन्नेमा हामी लागिपरेका छौं ।

**० तर, डा. केसीले उठाउनु भएको मुद्दा यसपटकको सरकारको सामु मात्र ल्याइएको होइन, उहाँले २०६५ साल यता गठन भएका हरेक सरकारसामु ती मुद्दाहरू राख्दै आउनु भएको छ । विगतमा काँग्रेसकै सरकार हुँदा किन सम्बोधन भएन त ?**

– कांग्रेस नेतृत्वको सरकारले उहाँसँग वार्ता पनि गरेको थियो । वार्तापछि देश चुनावतिर लाग्यो, चुनावपछि अर्को सरकारलाई सत्ता हस्तान्तरण गर्नुपऱ्यो । त्यो समयमा संसद पनि चलेको थिएन । विगतमा सरकारले के-के सम्झौता गरेका थिए, त्यसको राम्रा/नराम्रा पक्ष के हो त्यसको अध्ययन हुनुपर्छ ।

**० डा.केसीको मुद्दाबाहेक जनजीविकासँग जोडिएका अन्य पनि मुद्दाहरू छन्, ती मुद्दाहरूबारे काँग्रेस मौन देखिएको छ नि ?**

– त्यस्ता आरोपहरूको कुनै औचित्य छैन । यस्ता आरोपहरू काँग्रेसमाथि धेरै लागेको हो । सरकारलाई पनि डर के लागेको छ भने यसपटक राम्रोसँग प्रस्तुति देखाउन सकिएन भने निश्चितरूपमा दुई तिहाईको सरकार काँग्रेसले लिएर आउँछ । जनतालाई ढाँटेर, दिवास्वपन देखाएर मत माग्ने तर जब जनताले राहत खोज्छन् त्यो अवस्था झन् कर बढाइएको छ ।

**० विगतमा संविधान संशोधनप्रति नेपाली काँग्रेस लचक थियो र गर्ने प्रयास पनि गरेको थियो । तर, अहिले संशोधनबारे कांग्रेसको कुनै प्रतिक्रिया देखिएको छैन, किन ?**

– संविधान संशोधनको एजेन्डा मधेशकेन्द्रित दलहरूले उठाएको हो । त्यहीं मुद्दामा सहमति गरेर आज फोरम संघीय सरकारमा पनि छ । सरकारमा बसेर फोरमले किन संविधान संशोधनबारे आफ्नो प्रस्तुति देखाउन सकेको छैन । यदि सत्तारूढ दलहरूले संशोधन विधेयक संसदमा ल्याए भने काँग्रेसले त्यसमा विचार गर्छ । हाम्रा पार्टीका सभापतिज्यूले संसदमा पनि भनिसक्नुभएकै छ कि समर्थन गर्छौं । यस्तो अवस्थामा यो सरकारको जिम्मेवारी हो ।

**० भनेपछि, संविधान संशोधन काँग्रेसको एजेन्डाभित्र पर्दैन ?**

– कांग्रेस राष्ट्रिय पार्टी हो । मधेशमा भएका अन्याय पनि कांग्रेसले उठाउनेछ, पहाडमा भएका अन्याय पनि कांग्रेसले उठाउनेछ । तर अहिले जसको जिम्मेवारी हो उसले संसदमा प्रस्तुत गर्नुपऱ्यो । त्यसपछि मात्रै कांग्रेसमाथि कुनै आरोप/प्रत्यारोप लगाउन सकिन्छ ।

**० त्यसो हो भने सरकारले संशोधन विधेयक ल्याए मात्र त्यसप्रति कुनै प्रतिक्रिया दिन्छ, नभए यसैगरी संशोधनको सन्दर्भमा चुप लागेर बसिरहन्छ ?**

– संविधान संशोधन काँग्रेसको पनि एजेन्डा हो । काँग्रेसले बोलेकै हो कि मधेशमाथि भएका अन्यायहरू सम्बोधन हुनुपर्छ । मलाई विश्वास छ कि काँग्रेसले मधेशका जायज मागहरूमा पक्कै पनि समर्थन गर्छ ।

**० सप्तरीको मलेठ घटनासम्बन्धी राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको प्रतिवेदनप्रति काँग्रेसको धारणा के छ ?**

– वास्तवमा मलेठ घटना एउटा निन्दीय थियो । राज्यसत्ताले जनतामाथि दादागिरी देखाउने खालको व्यवहार गऱ्यो । सरकारको दम्भ थियो त्यतिबेला । त्यसैले, कांग्रेस यस विषयमा एकदम गम्भीर छ । यसबारे पार्टीभित्र पनि छलफल गर्छौं र पार्टीको एउटा आधिकारिक निर्णय हुने नै छ ।

**० काँग्रेस मधेशमा दिनप्रति दिन कमजोर हुँदै गइरहेको छ, तपाइँलाई के लाग्छ ?**

– दुईटा कम्युनिष्ट पार्टी मिलेर चुनावमा भाग लियो । कतिपय ठाउँमा काँग्रेस हजार/बाह्र सय मतबाट पराजय भएको हो । भनेपछि दुईटा पार्टी मिलेर कांग्रेसका उम्मेदवार मात्र हजार/बाह्र सय मतबाट हार्नु कुनै ठूलो विषय होइन । मधेश वास्तवमा काँग्रेसकै गढ थियो र अहिलेको अवस्थामा पनि मत प्रतिशत बढेको छ । तर, आगामी दिनमा काँग्रेस फेरि पनि मधेश र देशमा ठूलो पार्टी बनेर आउँछ ।

**० भनेपछि काँग्रेसको पराजयको कारण वाम गठबन्धन नै थियो भन्ने कुरा तपाइँ पनि स्वीकार्नुहुन्छ ?**

– दुईटा ठूला पार्टी एक भएर चुनाव लड्छ भने यस्तो परिणाम त आउँछ नै ।

**० तपाइँ आफ्नो निर्वाचन क्षेत्रबाट लगातार तेस्रो पटक निर्वाचित हुनुभएको छ, तपाइँको क्षेत्रका समस्याहरू के-के छन् ?**

– मेरो क्षेत्र, प्रदेश र जिल्लाका धेरै समस्याहरू छन् । जस्तै, बाटोघाटो, सिँचाइ, किसानले पाउनुपर्ने मलखादको व्यवस्था, किसानले पाउनुपर्ने ऋणहरू लगायतका समस्याहरू छन् । त्यसमा मैले प्रतिबद्धता पनि जनाएको थिएँ, त्यसमा अडिग छु । त्यसका लागि सम्बन्धित ठाउँमा आवाज उठाइरहेको छु । हामीले गरेका वाचाहरू सबै पूरा गर्छौं ।

# मधेशीले नेपाली शासनमा पहिचान खोज्नु कल्पना मात्र

**मधेशकेन्द्रित दलको कुरा सर्प र छुचुन्द्रोको खेल जस्तो देखिएको छ । आन्तरिकरूपमा उनीहरूको कस्तो योजना छ भने डा. सीके राउतकै मुद्दा ठिक छ, स्वतन्त्र मधेश हामीलाई चाहिन्छ । राज्यसँग उनीहरूको यस्तो सम्बन्ध छ कि त्यो सम्बन्धलाई तोडेर स्वतन्त्र मधेशका लागि खुलेर लाग्न एकदमै अप्ठ्यारो छ ।**



## कैलाश महतो

### सह संयोजक, स्वतन्त्र मधेश गठबन्धन

**० स्वतन्त्र मधेश गठबन्धन अहिले सेलाएको हो ?**

– स्वतन्त्र मधेश गठबन्धन सेलाएको छैन । आफ्ना कामहरू गरिरहेको छ । यो एउटा आन्दोलन हो, आन्दोलनमा एक कदम पछाडि हट्छ भने चार कदम अगाडि बढ्ने रणनीति पनि हुन्छ । त्यसैले हामी आफ्ना रणनीतिअनुसार काम गरिरहेका छौं ।

**० के काम गर्दै हुनुहुन्छ ?**

– अहिले हामी आफ्नो संगठन बनाने अभियानमा छौं । त्यस्तै, संगठनको प्रचार प्रसार गर्ने, स्वयम्सेवक निर्माण गर्ने, आगामी आन्दोलनका लागि नेतृत्व चयन गर्ने, जिम्मेवारी दिनेलगायतका कामहरू हुँदैछ ।

**० गठबन्धनका कतिजना नेता तथा कार्यकर्ताहरूमाथि अहिले पनि मुद्दाहरू लागेका छन् त ?**

– जम्मा ४१ जनामाथि राज्य विप्लवको मुद्दा चलेको थियो । तर, विशेष अदालतले सफाई दिइसकेको छ । अब केही साथी र ममाथि पनि सार्वजनिक अपराधसम्बन्धी मुद्दा, सांगठनिक अपराधसम्बन्धी मुद्दा लगाइएको छ । ती मुद्दाहरू सिरहा, रूपन्देही, रौतहटका अदालतमा चलिरहेको छ । जुन मूल मुद्दा थियो राज्य विप्लवको, त्यो समाप्त भइसकेको छ ।

**० स्वतन्त्र मधेश गठबन्धनको पक्षमा जुन जनलहर थियो त्यसमा ह्रास आएको देखिन्छ, किन ?**

– यसलाई हामीले प्रकृतिसँग जोडेर हेर्नुपर्छ । वर्षमा कति पटक हुरीबतास आउँछ, धेरै कम आउँछ । तर, जब तुफान आउँछ त्यो तुफानले धेरै घरलाई उखालेर फाल्छ, रूखहरूलाई ढाल्छ, अस्तव्यस्तता मच्चाउँछ । त्यो तुफान आउनुभन्दा पहिले शक्ति सञ्चय भएको हुन्छ । त्यो सारा शक्तिलाई ऊर्जाको रूपमा एकैचोटी प्रयोग गर्छ र त्यसले तहसनहस मच्चाइदिन्छ । आन्दोलन पनि त्यस्तै हो । आन्दोलन भनेको जहिले पनि सडक जाम गर्ने, टायर बाल्ने, ज्ञापनपत्र दिने मात्र होइन । त्यो गर्नका लागि पनि भित्रभित्रै तयारी हुनुपर्छ । आन्दोलन पनि प्रकृति हो । हामीले पनि त्यसको तयारी गरिरहेका छौं, त्यसले मधेशमा परिवर्तन ल्याउँछ ।

**० तपाइँहरूको अभियान पूरा गर्न कस्तो गृहकार्य हुँदैछ त ?**

– डा. सीके राउतले आफ्नो मधेश स्वराज पुस्तकमा लेख्नुभएको छ कि मधेश स्वतन्त्र हुनका लागि १२ वर्ष समय लाग्छ । त्यो १२ वर्षमा लगभग ६ वर्ष बितिसक्यो । हामीले जुन तरिकाले काम गरिरहेका छौं, नागरिकको 'सेन्टिमेन्ट' जसरी तयार भइरहेको छ, त्यो हिसावले मधेशमा नेपाल सरकारको अस्तित्व अब अन्तिम पटकका लागि हो । डा. राउतले तोक्नुभएको १२ वर्ष भित्रमा मधेश स्वतन्त्र हुनेछ । यसमा मधेशी जनताले विश्वास राख्नुपर्छ ।

**० मधेश स्वतन्त्रताका आधारहरू के-के छन् त ?**

– सबभन्दा ठूलो आधार के हो भने मधेश नेपालको उपनिवेश हो । मधेशमा नेपालीहरूको शोषण र शासन आज पनि कायम नै छ । त्यो शोषणको कारणले मधेशी जनता सचेत भइसकेका छन् । त्यो सचेतताको आधारमा जनताहरू पनि आफै अगाडि आइरहेका छन् । नेताहरू केही कदम पछाडि हुनसक्छन् तर जनता, नेताभन्दा धेरै अगाडि छन् । मधेशी जनता यही प्रतिक्षामा छन् कि अबको अन्तिम विकल्प भनेको स्वतन्त्र मधेश गठबन्धन र त्यसका लागि तयार छौं हामी । यो कुरा नेपाली शासकले पनि बुझिसकेका छन् । राज्यले एकातिर भन्छ कि सीके राउतसँग मान्छे छँदैछैन । राज्यले कमसेकम यो फाइदा उठाउनु पर्दथ्यो कि अहिलेको अवस्थामा सीके राउतलाई अन्तर्राष्ट्रिय रूपमा झन् कमजोर बनाउनका लागि हामीले माग गरेअनुसार जनमत संग्रह गराइ दिनुपर्ने थियो । तर, नेपाल सरकारले जनमत संग्रह गराउन चाहेको छैन । यसको मतलब नेपाल सरकारलाई हामीभन्दा पनि बढी थाहा छ कि जनमत संग्रह गराउनु भनेको मधेशबाट नेपालको अन्तिम विदाई हुने हो । उसले जलजफ्ती प्रचार गरिरहेको छ कि सीके राउतको पक्षमा मान्छे छैन ।

**० तर, तपाइँहरूले निर्वाचनका बेला 'कोठा बाहर मतदान गर्नू' भनेर अभियान चलाउनुभएको थियो, त्यसमा तपाइँहरूको पक्षमा उल्लेखनीय मत खसेको देखिएन नि ?**

– सबैले थाहा पाउनुपर्ने कुरा हो कि जब हामीले नारा दियौं कि 'कोठा बाहर मतदान', त्यो नारालाई लिएर हामीलाई स्वतन्त्ररूपले नेपाल सरकारले प्रचार प्रसार गर्न दिएन । हाम्रा कार्यकर्तालाई घरमै नजरबन्द राखियो, बाहिर निस्कन दिइएन । त्यसपछि हामीसँग एउटा मात्र साधन रह्यो सामाजिक सञ्जाल । त्योभन्दा बढी हामीले केही पनि प्रयोग गरेनौं । तैपनि हामीलाई गर्व छ कि नेपालको निर्वाचन आयोगका रिपोर्टअनुसार कोठाभन्दा बाहिर परेको मत तेस्रो स्थानमा छ अर्थात् हाम्रो पक्षमा २६ लाख ४० हजार मत परेको छ । एमालेले ३५ लाख प्राप्त गर्दै पहिलो स्थान ल्याएको छ, दोस्रो ३४ लाख जति कांग्रेसले ल्याएको छ भने तेस्रोमा हामी छौं । जबकि हामीलाई नेपाल सरकारले नै लोकतान्त्रिक विधिअनुसार प्रचार प्रसार पनि गर्न दिएन । हाम्रा नेता कार्यकर्तालाई नजरबन्दमा राख्दा पनि हाम्रो पक्षमा २६ लाख ४० हजार मत आउन सक्छ भने हामीले प्रचारप्रसार गर्न पाएको भए सहजै अनुमान लगाउन सकिन्छ कि हाम्रो पोजिसन के हुन्थ्यो ।

**० यसैगरी, पहाडका जिल्लाहरूमा पनि त मत बदर भएको अर्थात् कोठा बाहिर परेको छ, यस्तो हुनुका कारण निर्वाचन शिक्षाको अभावले पनि त हुन सक्छ नि ?**

– मधेशका जनताले वर्षौंदेखि चुनावको अभ्यास गर्दै आएका छन्, जहिले पनि मधेशकै मत लिएर काँग्रेसले सरकार बनाउँदै आयो, यहीँबाट कम्युनिष्टले पनि सरकार बना । यहीँबाट राजाको पालनपोषण भयो, यहीँबाट दरबार चल्यो । भनेपछि यहाँका जनताले नजानेर मत बदर गऱ्यो भन्न मिल्दैन । यहीँको दानापानी खाएर ठूल्ठूला निर्वाचन आयुक्तहरू बन्छन्, सरकारहरू बन्छन्, नेताहरू बन्छन् भने यहाँका जनतामा निर्वाचन शिक्षाको कमी थियो भन्न मिल्दैन ।

**० तर मधेशका जनता नेपालमै बसेर आफ्नो अधिकार खोजिरहेका छन् नि ?**

– म पनि जनताका प्रतिनिधि हुँ, म आफ्नै कुरा बताउन चाहन्छु । २०४६ सालमा जब नेपाल सद्भावना पार्टी खुलेको थियो त्यतिबेला सद्भावना पार्टीको म कट्टर विरोधी थिएँ । किनकि म एक नम्बर नेपाली थिएँ । त्यो बेला सद्भावना पार्टी मेरो नजरमा भारतीय दलाल, जुन हामीलाई एमालेले सिकाएको थियो म पनि त्यही भन्थे । त्यो स्कूलिङ्गबाट म निस्केको मान्छे हुँ र म पनि एउटा मधेशको जनता नै हो । जुन जनता त्यतिखेर सद्भावना पार्टीलाई अस्वीकार गरेको थियो तर आज त्यही जनता मधेश देशको कुरा गर्दैछ भने यस्तै अन्य जनतालाई पनि तुलना गर्नुपर्छ । त्यसकारणले मधेशका जनताहरू नेपालमा पहिचान खोज्छन् भन्नु गलत हो । जसरी एउटा नेपालीले आफ्नो पहिचान कोरियामा खोज्नु, पाकिस्तानमा खोज्नु निरर्थक हो त्यसरी नै एउटा मधेशीले नेपाली शासनमा आफ्नो पहिचान खोज्नु त्यो कल्पना मात्र हो ।

**० मधेशका जनताको मागअनुसार नेपालमा संघीयता लागू हुँदैछ भने तपाइँहरूले भनेजस्तै मधेश देशको माग कतिको सार्थक हो त ?**

– सबभन्दा पहिला त संघीयता के हो त्यो बुझ्नुपर्छ । तपाइँको घरमा चारवटा कोठा छ भने त्यो नै संघीयता हो । जब छोराले घरमा बस्छ, उ स्वतन्त्र भएर बस्न चाहन्छ । उसलाई बाउले डिस्टर्ब गर्न जाँदैन । त्यो हो प्रान्त, त्यो हो संघीयता । त्यहाँ पूर्णरूपमा आफ्नो अधिकारको प्रयोग गर्न पाउनुपर्दछ । तर नेपालमा नेपाली शासकहरूले जुन संघीयता निर्माण गरेको छ, त्यो बिल्कुलै संघीयता होइन । नेपाली शासकले यस्तो संघीयता निर्माण गरेको छ कि प्रदेश २ मा अहिले मधेशीको सरकार भएपनि त्यहाँ शासन खस शासकहरूले गर्छन् । यसबाट सहजै कल्पना गर्न सकिन्छ कि यो कस्तो संघीयता हो । तपाइँकै घरमा बाहिरका मान्छेले बढी अंश पाउँछन् तर घरकै मालिकले न्यून अंश पाउँछन् । यो कस्तो संघीयता हो, यो कस्तो प्रान्तीय सरकार हो ? यो त बडो विचित्र छ नि । यो कुरा जनताले बुझ्नुपर्छ र बुझ्छन् ।

**० तपाइँहरू जसरी स्वतन्त्र मधेशको अभियानमा लाग्नुभएको छ, त्यसरी मधेशमा यस्ता अन्य सशस्त्र समूहहरू पनि छन् जसले तराई राष्ट्रको माग गरिरहेका छन्, उनीहरूसँग तपाइँहरूको साँठगाँठ त छैन ?**

– सशस्त्र भूमिगत संघर्ष गरिरहेकाहरूले जसरी तराई राष्ट्रको माग गर्दै आइरहेका छन्, यो माग डा. सीके राउतभन्दा पहिलादेखि नै उठाउँदै आएका हुन् । जस्तै, जयकृष्ण गोइत नेतृत्वको सशस्त्र समूहले स्वतन्त्र तराई राष्ट्रको माग गर्दै आएको छ । गोइतजीको माग गलत छैन तर बाटो गलत रहेको हाम्रो ठहर छ । किनभने अहिलेको समयमा हतियार चलाएर मात्र संघर्षमा विजय हासिल गर्न सक्ने अवस्था छैन । उहाँहरूको माग सही छ तर, बाटो गलत छ । हतियारको आन्दोलनको सन्दर्भमा हाम्रो कुनै किसिमको साँठगाँठ वा सहकार्य भएको छैन र हुने पनि छैन ।

**० अहिलेको अवस्थामा मधेशकेन्द्रित दलहरूको भूमिका कस्तो पाउनुहुन्छ ?**

– मधेशकेन्द्रित दलको कुरा सर्प र छुचुन्द्रोको खेल जस्तो देखिएको छ । आन्तरिकरूपमा उनीहरूको कस्तो योजना छ भने डा. सीके राउतकै मुद्दा ठिक छ, स्वतन्त्र मधेश हामीलाई चाहिन्छ । राज्यसँग उनीहरूको यस्तो सम्बन्ध छ कि त्यो सम्बन्धलाई तोडेर स्वतन्त्र मधेशका लागि खुलेर लाग्न एकदमै अप्ठ्यारो छ । उहाँहरू सामु धेरै बन्धनहरू छन्, त्यो बन्धनलाई उहाँहरूले तोड्न सक्नुहुन्न । त्यो तोड्यो कि गयो ।

**० भनेपछि मधेशकेन्द्रित दलका धेरै नेताहरूको भित्री मनसाय स्वतन्त्र मधेश नै हो ?**

– उहाँहरू प्रतिक्षामा हुनुहुन्छ । धेरै नेताहरूले हामीलाई भनिसक्नुभयो कि अब अन्तिम विकल्प स्वतन्त्र मधेश नै हो ।

**० उपेन्द्र यादव नेतृत्वको फोरम नेपालले संविधान संशोधन गराउनका लागि सहमति गऱ्यो र सरकारमा गयो, उहाँले संशोधन गराउन सक्नुहुन्छ ?**

– उपेन्द्र यादवले यदि मधेशको माग सम्बोधन गराउन सक्ने भएको भए पहिला नै भइसक्थ्यो । उहाँ मेरो सहकर्मी हुनुहुन्थ्यो, उहाँलाई म राम्ररी चिन्दछु र मलाई पनि चिन्नुहुन्छ । उहाँले मलाई ठूलो पद दिन तयार हुनुहुन्थ्यो । तर मलाई राम्ररी थाहा छ कि उपेन्द्रजी मधेशको समस्या समाधान हुने हैसियतमा हुनुहुन्न ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# नेकपाबाट अन्यायमा परेको मधेश

चन्द्रभूषण साह

> पार्टीको निर्णायक नेतृत्व तहमा मधेशीको कमजोर उपस्थितिकै कारण प्राय: जसो मधेश मुद्दा र मधेशी नेतृत्व सदैव बलि चढ्ने तीतो यथार्थ हामी सहजै देख्न सक्छौं, जसको परिणाम स्वरूप मधेशमा तुलनात्मक रूपमा निराशा छाएको पाइन्छ ।

गत जेठ ३ गते औपचारिक रूपमा देशका ठूला दुई सता साझेदार दल नेकपा (एमाले) र नेकपा माओवादी केन्द्रबीच सम्पन्न भएको एकतालाई धेरैले विराट, सर्वाधिक शक्तिशाली, एशियाकै तेस्रो ठूलो कम्युनिष्ट पार्टी, दक्षिण एशियाकै पहिलो ठूलो कम्युनिष्ट पार्टी जस्ता उपमाहरू दिए । तर केहीले भने कम्युनिष्टले देशमा अब अनिष्ट गर्छ, अधिनायकवाद हाबी भएर लोकतन्त्र नै संकटमा पर्छ भन्ने जस्ता अनेक केही स्वाभाविक र केही अस्वाभाविक हर्ष, बिस्मात र अतिरन्जनाले चौतर्फी रूपमा यसको चर्चा र परिचर्चा चरम उत्कर्षमा पुगेको सहजै देख्न सकिन्छ ।

मार्क्सवाद र लेनिनवादलाई अंगिकार गरेको नेकपाको एकतालाई आम बुझाईमा वाम एकताको रूपमा समेत लिएको यथार्थ हामी सबै सामु नै छ । सन् १७८९ देखि १७९९ सम्म (फ्रान्सको राज्य क्रान्ति)को समयमा त्यहाँको स्टेट जेनरल असेम्बलीमा सहभागी सदस्यहरूको बसाईको अवस्थितिलाई आधार मानेर 'लेफ्ट' र 'राइट' अर्थात 'वाम' र 'दक्षिण' राजनीतिक शब्दको उदय र स्थापना भएको पाईन्छ । तत्कालीन फ्रान्समा परम्परागत पुरानो शासन, राज्यसता र स्वार्थको हिमायती गर्न 'राईट रो' मा बस्ने दक्षिणपन्थीहरू भन्दा 'लेफ्ट रो' मा बस्ने वामपन्थीहरू निकै नै प्रगतिशील सोच र परिवर्तनमा विश्वास गर्ने, समानतामा आधारित सामाजिक न्याय तथा सबैलाई समान अधिकारको प्रत्याभूति गराउनको निमित्त प्रतिक्रियावादी शक्ति र राज्यको निरंकुश र निषेधित चरित्रको विरूद्ध पछाडि परेका र पारिएका वर्गको आवाजलाई बुलन्द गर्दै वर्ग संघर्ष गर्ने अभिभारा बोकेका थिए ।

महान दार्शनिक कार्ल मार्क्सले मानव समाजमा रहेको विभेद, असमानता, शोषण, उत्पीडन, सुख वा दु:ख, सम्पन्न वा विपन्न, ज्ञानी वा अज्ञानी हुनुको कारण इश्वरीय शक्ति नभएर, शासक वर्ग वा सत्ताले अवलम्बन गरेको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक प्रणालीको परिणाम हो भन्ने सत्यलाई विश्वका अगाडि स्पष्ट पर्दै मानव जातीको इतिहासमा द्वन्द्वात्मक भौतिकवाद र वर्ग संघर्षलाई उजागर गरी सर्वहारा वर्गलाई दलाल पुँजीपति र समान्तवर्गले कसरी शोषण-दमन गर्छ भनेर अतिरिक्त मूल्यको सिद्धान्त प्रतिपादन गरेका थिए । तर दुर्भाग्य आजको दिनमा पनि अन्धविश्वास, असमानता र अन्यायको जाँतोमा पिल्सिएका करोडौं मानव जातिले आफ्नो मुक्ति र प्रगतिको लागि विश्वास र अंगिकार गरेको मार्क्सको समाजवादको मूलभूत सिद्धान्तको अवहेलना समाजवादी रथको चालकबाट पनि हुनु निकै अकल्पनीय र दुखद परिघटना हो ।

नेपालको संविधानले समेत अंगिकार गरेको जातीय, लैंगिक, क्षेत्रीय (भौगोलिक) समावेशीकरणको मूलभूत मर्म र सिद्धान्त विपरीत नेकपाले आफ्नो सांगठानिक संरचना निर्माण गरेको यथार्थ हामी सामु नै छ । जसमा नेपाली राजनितिको मूल अखडा मानिने मधेश, जहाँ दलाल पुँजीवादी र समानती प्रतिक्रियावादीको खेमा हिमाल र पहाडको तुलनामा अत्यन्त बलशाली अवस्थामा विद्यमान रहेको छ, तर पनि त्यस ठाउँका इमान्दार, निष्ठावान, शसक्त, जुझारू, कर्मशील इतिहास बोकेका नेता कार्यकर्ताको अवमूल्यन र अवहेलनाले वर्तमान र निकट भविस्यमा सबैभन्दा बढी घाटा नेकपालाई नै पुग्ने निश्चय नै छ । किनभने, पार्टीको हेडक्वाटर मानिने सचिवालयमा महिला र मधेशी समुदायबाट शुन्य सहभागिता गराउनु, स्थायी सदस्य र केन्द्रीय सदस्यमा नाम मात्रको सहभागिता गराउनु जस्ता पार्टीको मधेशी उपेक्षित कार्यबाट नेता तथा कार्यकर्ताहरूको मनोबलमा आएको गिरावट र आक्रोशलाई सहजै महशुस गर्न सकिन्छ ।

पार्टीको निर्णायक नेतृत्व तहमा मधेशीको कमजोर उपस्थितिकै कारण प्राय: जसो मधेश मुद्दा र मधेशी नेतृत्व सदैव बलि चढ्ने तीतो यथार्थ हामी सहजै देख्न सक्छौं, जसको परिणाम स्वरूप मधेशमा तुलनात्मक रूपमा निराशा छाएको पाईन्छ । हालै पार्टीले घोसणा गरेको बाईस ओटा जनवर्गीय सङ्गठनको एकता कार्यदल मध्ये केवल तिन वटा कार्यदल (मधेशी, मुस्लिम र सुकुम्बासी)मा मात्र मधेशीको अनुहार देख्न सकिन्छ ।

मधेशमा तत्कालीन एमालेको तुलनामा माओवादी केन्द्रको साख, स्वामित्व, शक्ति र अपनत्व बढी रहेको कुरा कसैबाट लुकेको छैन । पहिचानको पर्यायवाची मानिने तत्कालीन माओवादी केन्द्र पार्टी एकीकरण गरे पश्चात पार्टीको चुनाव चिन्हमा सूर्य भित्र हँसिया-हथौडा समेत सामवेश नभएको कारणले देशव्यापी रूपमा नै नेता तथा कार्यकर्ता र मतदाताको आस्था, भावना र मनोविज्ञानमा पर्न गएको असरलाई सहजै बुझ्न सकिन्छ ।

२०७० सालको निर्वाचनमा माओवादीले प्रत्यक्ष तर्फ जितेको २६ सिटको एक तिहाई सिट हालको दुई नं. प्रदेशबाट नै जितेको थियो । १० बर्षे जनयुद्धका ताका वीरगति प्राप्त गरेका वीर अमर सहिदहरू चाहे ती सिन्धुलीको भिमानमा होस् या सर्लाहीको मलंगवा, जुम्लाको खलंगा होस् या रोल्पाको लिवाङ्ग, सबैको रगतको सम्मान मूल्यांकन हुनुपर्छ ।

माथिल्लो नेतृत्वको आसेपासे, स्वाभिमान गुमाएका आत्मसमर्पणवादी, राजनितिक साख र स्थानीय धरातल गुमाइसकेका तथा चाप्लुसी र चाकडीको भरमा राजनितिक गर्ने सोच बनाएका अधमरू (आधा मरेको) केही मुठीभर नेता तथा कार्यकर्ताको उच्च मूल्यांकनले झन् जनप्रिय, जीवित र स्वाभिमान बोकेकाहरूलाई घाँटीको हाड निल्नु न ओकल्नु बराबर भएको तीतो सत्य हामी सामु नै छ । किनभने, सामाजिक रूपमा मजबुत, स्वाभिमानी, निर्भिक र जीवित नेताकार्यकर्तालाई पाखा लागएर सामाजिक रूपमा अर्धमृत नेताकार्यकर्ताबाट समाजवाद रक्षाको परिकल्पना गर्नु लगभग सूर्य पश्चिमबाट उदाउने सपना देख्नु बराबर हो ।

विशाल भारतसँगको खुल्ला सिमाना, अलगाववादको विजारोपण, विभिन्न बेथिति र लामो समयसम्मको अन्तरसंघर्षको चपेटामा परेको मधेश र मधेशी नेताकार्यकर्तालाई खुल्ला हृदयले राष्ट्र हितका लागी तुलनात्मक रूपमा नेकपाले वर्तमान समयमा विशेष महत्व दिनुपर्ने अपरिहार्यता रहेको अवस्थामा ठिक विपरीत पार्टी प्रति निष्ठावान, सक्षम र इमान्दारलाई अवसर र सम्मान दिनुको सट्टा कम्युनिष्ट पार्टीले प्रतिस्पर्धीको बैसाखी टेक्नमा नै व्यस्त देखिन्छ । प्रतिस्पर्धी पार्टीको मन्त्रीलाई सरकारको उपप्रधान सहित दोश्रो वरियतामा राख्न तत्पर हुने तर आफ्नै पार्टीको जनप्रिय स्थापित नेता (लालबाबु पण्डित, प्रभु साह, मातृका यादव, रघुवीर महासेठ) जस्तालाई पाँचौं वरियतामा राख्न पनि दाँतबाट पसीना निकाल्ने कम्युनिष्ट आचरणले आफ्नो खुट्टामा आफैले बन्चरो हानेको सिद्ध हुनेछ । देशमा सर्वहारा वर्गप्रति गर्ने शोषणको नाङ्गो रूपलाई छोप्नका लागि दलाल पुँजीवादीहरूले प्रजातान्त्रिक समाजवादको आडम्बरी आवरणको प्रयोग गर्न थालेको अवस्थामा सार्थक समाजवाद गन्तव्यका सपना बोकेका समाजवाद उन्मुख गोरेटोमा हिड्ने तमाम सच्चा सहयात्री कमरेडहरू आपसी मतभेद, आशंका र अन्तरविरोधको अन्त्य गर्दै मनमा इमान्दारी र काँधमा जिम्मेवारीका साथ अग्रगामी नेपालको सुन्दर र समृद्ध भविस्य निर्माणमा एक जुट भएर अगाडी बढ्नुपर्छ ।

# काठमाडौंमा "जी सिने अवार्ड" हुने

काठमाण्डौ । प्रधानमन्त्री के.पी.शर्मा ओलीले नेपालमा फिल्म सिटी स्थापना गर्न तत्पर भारतीय कलाकार र लगानीकर्तालाई धन्यवाद दिएका छन् ।
शुक्रबार साँझ आफूलाई भेट्न आएका एस्सेल ग्रुपका प्रमुख तथा जी इन्टरटेनमेन्ट इन्टरप्राइज लि.का अध्यक्ष सुवास चन्द्रा, भारतीय राजनीतिक व्यक्तित्व अमर सिंह तथा वरिष्ठ सिने कलाकार जया प्रदालाई प्रधानमन्त्रीले धन्यवाद ज्ञापन गरेका छन् ।
भेटअघि भारतीय समूह फिल्मसिटी निर्माणका लागि गोरखाको पालुङटार र धादिङको सल्यानटारको स्थलगत अध्ययन गरी फर्किएको थियो । अध्ययनपछि जी इन्टरटेनमेन्ट इन्टरप्राइज लि.का अध्यक्ष सुवास चन्द्राले पालुङटारको नदीदेखि पहाडसम्मको सुन्दर परिवेशको आफूलाई आकर्षित गरेको बताए । उनले ती ठाउँका प्रशंसा गर्दै नेपालमा फिल्म सिटीको स्थापना गर्नका लागि प्रारम्भिक कार्य सुरू भइसकेको बताए ।



चन्द्राले आउँदो नोभेम्वर-डिसेम्वरमा जीसिने अवार्ड समारोहको आयोजना काठमाडौंमै गर्ने र हरेक वर्ष नेपाली फिल्मका लागि समेत एक अवार्डको व्यवस्था गरिने घोषणासमेत गरेका छन् ।
भेटघाटका अवसरमा प्रधानमन्त्रीले जीसिने अर्वाड समारोहकै अघिपछिको मिति पारेर काठमाडौंमा हिमालयन कनक्लेभको समेत आयोजना गरिने घोषणा गरे ।
नेपाली कलाकारहरूसमेतको उपस्थितिमा भएको भेटघाटका अवसरमा प्रधानमन्त्रीले जया प्रदाले नेपाल भारत सम्बन्धका लागि साँस्कृतिक राजदूतको भूमिका निर्वाह गर्दै आएको बताए । त्यस अवसरमा वरिष्ठ भारतीय राजनीतिकर्मी तथा राज्य सभा सदस्य अमर सिंहले प्रधानमन्त्री ओलीको समृद्ध नेपाल, सुखी नेपालीको ध्येयलाई मूर्त तुल्याउन सकिएको खण्डमा मात्र भारत पनि सुखी र खुसी हुन सक्ने धारणा व्यक्त गरे ।
भेटघाटका अवसरमा नेपालका वरिष्ठ सिने कलाकार नीर शाहले नेपाली फिल्म उद्योगको समग्र अवस्थाको जानकारी प्रस्तुत गर्दै भारतमा नेपालीभाषीहरूको ठूलो जनसंख्या रहे पनि विभिन्न कारणले गर्दा नेपाली फिल्महरूको प्रदर्शन हुनन् सकिरहेको बताए ।
भेटघाट कार्यक्रममा चन्द्राले सोलुखुम्बूमा आफूले निर्माण गरेको १४० मेघावाट क्षमताको जलविद्युत आयोजना बाँकी रहेको ४० प्रतिशत काम सम्पन्न भएपछि प्रधानमन्त्री ओलीमार्फत नेपाललाई हस्तान्तरण गर्ने घोषणा समेत गरे । यसैगरी चन्द्राले आफ्नो तर्फबाट पशुपति मन्दिर परिसरमा सिसी क्यामेरा र सौर्य बत्ती जडान गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# युवतीमा मेहन्दी र हरियो चुरा लगाउने "क्रेज"

**अजयकुमार साह**

धनुषा । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरकी मनिषा रौनियारले साउनको पहिलो दिन दुवै हातमा हरियो चुरा लगाइन् । मिथिला नपा-४ ढल्केवरकी अनु खनाल र महेन्द्रनगरकी सुशीला कार्कीले चुरासँगै हातमा मेहन्दी लगाएर सजिइन् । यतिबेला प्रायजसो सबै युवती र महिलाको नाडीमा काँचका हरिया चुरा सजिएको देख्न पाइन्छ । साउन लागेलगत्तै हिन्दू महिलामा छुट्टै उत्साह र उमंग छाएको छ ।
रातो, पहेँलो र हरियो चुरापोते तथा कपडामा सजिएका महिलाको मन्दिर र बाटोघाटोमा चहलपहल देखिन्छ । पछिल्ला वर्षमा किशोरीमा समेत मेहन्दी र हरियो चुरा लगाउने 'क्रेज' बढेको छ । धेरैले धार्मिक विश्वासमा यसो गरेका छन् भने कतिले फेसनका रूपमा । खासगरी साउनको सोमबार शिवजीको व्रत र पूजा गर्ने चलन भएपनि साउनका सबै दिनलाई उत्तिकै महत्वका रूपमा लिइन्छ । महेन्द्रनगरको एक चुरा पसलमा भेटिएकी मनिषाले हरियो चुरा लगाउँदा यही हुन्छ भन्ने थाहा नभएको बताइन् । आफ्नो नाडीको चुरा खेलाउँदै उनले खै साउनमा हरियो चुरा लगाउँदा चिताएको पुग्छ भन्छन्, मैले पनि लगाएँ भनिन् । उनले हरियो चुरा लगाउँदा जीवनमा हरियाली छाउने विश्वास रहेको उनको भनाइ छ ।
कतिपयले हरियो चुरा लगाइसकेपछि चुकाउनु या फुटाउनु हुँदैन भनेर यो महिनाभर होसियारी अपनाउने गर्दछन् । कहिल्यै हरियो चुरा नलगाउने युवतीले समेत चुरा लगाएर बजाउँदै हिँड्दा खुब सुहाएको र रमाइलो लागेको बताएका छन् । नारीमा यो महिना चुरा लगाउने सोख र होड चलेपछि चुरा पसले पनि मख्ख छन् । महेन्द्रनगरस्थित मीना शृंगार पसलका प्रोप्राइटर वीरेन्द्र साहले मध्य असारदेखि नै हरियो चुराको बिक्री बढेको बताए । साउनमा हरियो, पहेँलो र रातो चुरापोते एवं कपडा लगाउनुको पनि आफ्नै अर्थ छ । हरियोलाई प्रेमको, रातोलाई शौभाग्यको एवं पहेँलोलाई पवित्रताको प्रतीकका रूपमा लिइन्छ ।
यसकारण पनि साउन महिनामा हरियो, पहेँलो रातो सम्मिश्रण गरी लगाउने चलन बसेको संस्कृतिविद् रमापति चौधरी बताउँछन् । चुरापोते र कपडासँगै साउन महिनामा हातभरि मेहन्दी लगाउने चलन पनि छ । हत्केलामा जति बढी गाढा मेहन्दीको रङ राख्यो, उति नै बढी श्रीमान्को माया पाइन्छ भन्ने धार्मिक विश्वास छ । मेहन्दी लगाउने चलन भने छिमेकी देश भारतबाट भित्रिएको बताइन्छ । यतिखेर बजारमा हरियो पोशाकमा सजिएर हातमा हरियो र रातो चुराको साथै हातमा विभिन्न डिजाइनको मेहन्दी लगाएर युवती समूहगत रूपमा हिँडेको साँच्ची नै निकै आकर्षक देखिन्छ ।
साउन महिना धार्मिक, सांस्कृतिक एवं प्राकृतिक हरेक दृष्टिकोणले महत्वपूर्ण रहेकाले वर्षमा एक महिनाभरि आफूहरू हरियो चुरा लगाउँदै आएको ढल्केवरकी पवित्रा शर्माको भनाइ छ । त्यसैगरी महेन्द्रनगरकी नमिता उप्रेतीले साउने संक्रान्तिका दिन परम्परादेखि चलिआएको लुतो फाल्ने चलन विस्तारै हराउँदै र हरियो चुरा र मेहन्दी लगाउनेको संख्याचाहिँ वर्षेपिच्छे बढ्दै गएको बताउँछिन् । परिवारमा भएका सदस्यका हत्केला र पाखुरामा मेहन्दी र चुरा देखेपछि सबैले रहरले लगाउने गरेका छन्, उनले भनिन्, 'घरैभरि सबैले लगाएका छन्, कसैको हात खाली छैन । विवाहिताले पतिको सुस्वास्थ्य एवं दीर्घायु र अविवाहितले सुयोग्य पतिको कामना गर्दै व्रत बस्ने चलन छ । यस महिनामा विशेष गरी प्रत्येक सोमबार महिला व्रत बस्छन् ।
नेपाली हिन्दू नारीले विशेष गरेर साउनलाई हर्षोल्लास अनि भक्तिको महिनाका रूपमा मनाउने प्राचीनकालदेखिको परम्परा अझै पनि बढ्दो देखिन्छ । पछिल्लो समय हातभरि मेहन्दी लगाएर सजिसजाउ हुँदै हिन्दू महिलाले शिवको पूजापाठ, आराधना र भक्तिभाव प्रकट गरेर देखाउँदै आएको सक्रियता र बोलबम तीर्थयात्रा गर्ने परम्पराले हिन्दू धर्मको महिमा अझै बढिरहेको छ । साउनको पहिलो दिनदेखि नै बजारमा रहेका शृंगारका पसलमा चुरापोते अनि हरियो, राता, पहेँला बस्त्र खरिदकर्ताका भीडले व्यापार बढिरहेको देखिन्छ । रासस

## मधेश अपडेट

### राज्यमन्त्रीहरूद्वारा शपथ ग्रहण

जनकपुरधाम । प्रदेश २ का नवनियुक्त तीन जना राज्यमन्त्रीहरूले शपथ ग्रहण गरेका छन् । बुधबार प्रदेश २ को सरकार तेस्रो पटक विस्तार भएको हो । मंगलबार राजपाले राज्यमन्त्रीमा सिफारिस गरेका डा. डिम्पल झा, सुरेश मण्डल र अभिराम शर्माले शपथ ग्रहण गरेका छन् । तीनै जनालाई प्रदेश प्रमुख रत्नेश्वर लालकायस्थको उपस्थितिमा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले शपथ ग्रहण गराएका हुन् । झाले भौतिक पूर्वाधार विकास राज्यमन्त्री, मण्डलले वन, पर्यटन तथा उद्योग राज्यमन्त्री र शर्माले समाजिक विकास राज्यमन्त्रीको जिम्मेवारी पाएका छन् । शपथ ग्रहण समारोहमा सभामुख, मन्त्रीहरू, उपसभामुख, राज्यमन्त्रीहरू, सरकारका सचिवहरू राजनीतिक दलका प्रतिनिधि सहितको उपस्थिति रहेको थियो ।

### प्रमुख, उपप्रमुख र वडा अध्यक्षविरूद्ध उजुरी

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिकाका प्रमुख, उपप्रमुख र दुई वडाध्यक्षमाथि स्थानीयहरूले जिल्ला प्रसाशन कार्यालयमा उजुरी दर्ता गराएका छन् । तीन करोडको लागतमा स्थानीय वडा नम्बर ३ मा बनेको स्वास्थ्य केन्द्रको सुविधायुक्त भवनमा स्वास्थ्य सेवा सञ्चालन गर्न नदिएको भन्दै स्थानीय रामरूप राउत, रणधीर तिवारी र सिकिन्दर पटेलले संयुक्त रूपमा उजुरी दर्ता गराएका हुन् । पुरानो जीर्ण भवनमा सञ्चालन रहेको स्वास्थ्य सेवा नयाँ सुविधा सम्पन्न भवनमा सार्नु पर्ने निवेदकहरूको माग रहेको छ । बर्थिंग सेन्टरसमेत भएका ४ कट्ठा जग्गामा नेपाल सरकारको लगानीमा निर्माण भएको सो भवनमा स्वास्थ्य सेवा सञ्चालन हुनुपर्ने भन्दा मेयर धीरेन्द्र कुमार सिंह, उपमेयर अंशु सिंह, वडा नम्बर ३ का अध्यक्ष जयमंगल दास र वडा नम्बर ४ का वडा अध्यक्ष भाग्यनारायण साहले अवरोध गरेपछि उजुरी दिएको उजुरीकर्ताहरूको आरोप रहेको छ ।

### प्रदेश ७ मा आठवटा ऐन पारित

धनगढी । प्रदेश नं ७ को प्रदेश सभाले संविधानबमोजिम हालसम्म आठ वटा ऐन पारित गरिसकेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढीले मंगलबार जारी गरेको विज्ञप्तिमा प्रदेश सरकार गठन भएपश्चात् प्रदेश सभाबाट विनियोजन ऐन २०७४, आर्थिक कार्यविधि ऐन २०७४, विनियोजन ऐन २०७५, आर्थिक ऐन २०७५, प्रदेश आकस्मिक कोष ऐन २०७५, स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५, सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन २०७५ र स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५ पारित भएको उल्लेख गरिएको छ । यसैगरी, प्रदेश सभाको बैठकमा हाल गाउँ सभा र नगर सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेश सभामा विचाराधीन रहेका छन् ।

### ८० प्रतिशत रोजगार दिने कलेज

विराटनगर । मेरिल्याण्ड कलेज विराटनगरमा अध्ययनरत ७६ छात्रछात्रा स्नातक तह बजार व्यवस्थापन (बिबिएम) विषयको उपाधिका साथ दीक्षित भएका छन् । बेलायतको ब्लभरह्याम्टन विश्वविद्यालयवाट सम्बन्धनप्राप्त सो कलेजले चार वर्ष अध्ययन अध्यापनपछि आइतबार साँझ यहाँ विद्यार्थीलाई दीक्षित गराएको हो । दीक्षित हुनेमा ४० छात्रा छन् । यसअघि आयोजित पत्रकार सम्मेलनमा विश्वविद्यालयका उपकुलपति जिअफ लेयरले कलेजबाट उत्पादित जनशक्ति विश्व बजारमा सहज र सरल किसिमले खपत हुने बताउँदै सन् २००२ देखि नेपाली विद्यार्थीलाई विश्वस्तरीय शिक्षा प्रदान गर्न पाएकामा खुशी व्यक्त गरे । विश्वविद्यालयका केल्भीन नेजीले दीक्षित विद्यार्थीबाट विश्व बजारमा नेपाल र नेपाली विद्यार्थीको गरिमा बढ्ने बताए ।

### पार्टीको समस्या विस्तारै समाधान हुने : लेखक

विराटनगर । नेपाली काँग्रेसका नेता रमेश लेखकले पार्टीभित्र देखिएका समस्या विस्तारै समाधान हुँदै जाने बताएका छन् । नेपाल प्रेस युनियन मोरङद्वारा यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले काँग्रेसले विधान संशोधन समिति बनाई नसकेकाले आगामी भदौमा हुने भनिएको महासमितिको बैठक निश्चित छैन भने । काँग्रेसका केन्द्रीय सदस्य लेखकले चिकित्सा शिक्षा सम्बन्धमा माथेमा आयोगले तयार गरेको प्रतिवेदनको आधार बनेको अध्यादेश प्रस्तुत भइसकेकाले अब वर्तमान सरकारले नयाँ चिकित्सा शिक्षा विधेयक संशोधन हुनुपर्ने कारण स्पष्ट गर्नुपर्ने धारणा राखे ।

### "महिलाको विकासले मात्र प्रगति सम्भव"

वीरगन्ज । वीरगंज महानगपालिकाका नगर प्रमुख विजयकुमार सरावगीले महिलाहरूको विकासले मात्र मधेशी समाजको प्रगती सम्भव रहेको धारणा व्यक्त गरेका छन् । वीरगन्जको परवानीपुरमा महिलाहरूका लागि आयोजित सिलाइ, कटाइ तालिमको उदघाटन गर्दै नगर प्रमुख सरावगीले महिलाहरूको सिपमुलक विकासका लागि वीरगंज महानगपालिले विभिन्न कार्यक्रमहरू संचालन गरिरहेको बताउँदै महिलाहरूको विकासबाट मात्र समाजको प्रगति हुने बताए । उनले महानगपालिकाले आयोजना गरेको विभिन्न रोजगारमूलक तालिमबाट महिलाहरूलाई आर्थिक आर्जनका लागि उपयोगी हुने आशासमेत व्यक्त गरे । कार्यक्रममा बोल्दै वडाअध्यक्ष हविब मियाँले महिलाहरूको विकासका लागि विभिन्न रचनात्मक तालिमहरूको आयोजना गरिनुको साथै कमजोर आर्थिक अवस्था भएका महिलाहरूलाई सिलाइ मेसिन प्रदान गरिने प्रतिवद्धता व्यक्त गरे ।

### छ वटा विधेयकलाई सैद्धान्तिक सहमति

जनकपुरधाम । प्रदेश नं. २ को मन्त्रिपरिषद्ले ६ वटा विधेयकलाई सैद्धान्तिक सहमति प्रदान गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले ती विधेयकहरूलाई प्रक्रियामा लैजान सैद्धान्तिक सहमति दिएको हो । मन्त्रिपरिषद्को बैठकले प्रदेश लोक सेवा आयोग (कार्यविधि) गठन सम्बन्धि विधेयक, प्रादेशिक प्रशासनका लागि आवश्यक कर्मचारी भर्ना सम्बन्धि विधेयक, गाँउसभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धि विधेयक, प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, प्रदेश फ्रिक्वेन्सी मोडुलेशन (एफएम रेडियो) र टेलिभिजन संचालन र नियमन सम्बन्धि विधेयक र लैङ्गिक तथा घरेलु हिंसा नियन्त्रण गर्न बनेको विधेयक २०७५ को मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गरेको हो । मन्त्रिपरिषद्को सैद्धान्तिक सहमति प्रदान गरेपछि सम्बन्धित मन्त्रालयले विधेयक मस्यौदा तयार गरि प्रक्रियामा लाने भएको छ ।

### डाक्टर केसीको समर्थनमा गौरमा प्रर्दशन

राकेश यादव, रौतहट । गौर नर्सिङ्ग इन्ष्टिच्युट गौर तथा इन्ष्टिच्युट अफ कम्युनिटी टेकनिकल एजुकेशन गौरमा अध्यनरत विद्यार्थीहरूले अनशनमा बसेका डाक्टर गोविन्द के सीको समर्थनमा रौतहटको सदरमुकाम गौरमा वुधवार प्रर्दशन गरेका छन् । स्वास्थ्यको विषयमा एच ए तथा नर्सिङ्गमा अध्ययनरत छात्र छात्राहरूले डाक्टर केसीको जिवनको रक्षा गर, स्वास्थ्य क्षेत्रमा माफिया तन्त्र कायम गर्न पाउँदैन, डाक्टर केसीको माग पुरा गर जस्ता नाराहरू लेखिएको प्ले कार्ड सहित दर्जनौंको सहभागितामा मधेशी कान्ति चौकवाट निस्केको रैली नगरको विभिन्न भागको परिकमा गरेका थिए । रैलीका नेतृत्व गरेकी नर्सिङ्ग अधिकृत निता लेखिले डाकटर केसीको जायज माग प्रति सर्मथन गरेको बताउदै सरकारले छिटै माग सम्वोधन गरेर लामो समय देखि अनशनमा बसेका डाक्टर केसीको जिवनको रक्षा गर्नु पर्ने बताए ।

### बाढीपीडितको करोडौं रकम फिर्ता

विराटनगर । मोरङ जिल्लाका बाढीपीडित समुदायलाई वितरण गर्न आएको राहत रकम समयमै वितरण गर्न नसक्दा करोडौं रकम 'फ्रिज' भई फिर्ता गएको छ । गृह मन्त्रालयबाट मोरङको कटहरी गाउँपालिकाको बाढी पीडितलाई वितरण गर्न रू तीन करोड ८९ लाख २५ हजार आएको थियो । कटहरी गाउँपालिकाले सो रकम गत असार मसान्तसम्म वितरण नगरेपछि रकम फ्रिज भई फिर्ता भएको हो । गत आर्थिक वर्षको असार मसान्तभित्र वितरण गर्नुपर्ने रकम स्थानीय निकायले वितरणमा ढिलाइ गर्नाले नै रकम फिर्ता भएको हो । जिल्ला प्रशासन कार्यालय मोरङमा रकम फ्रिज भएर र्फिता गएपछि आज प्रमुख जिल्ला अधिकारी, कटहरी गाउँपालिकाका जनप्रतिनिधि तथा प्रहरी प्रमुखबीच यस सम्बन्धमा छलफल भएको छ । मोरङका प्रजिअ रामप्रसाद आचार्यले रकम वितरणका लागि पटकपटक पत्राचार गर्दा पनि गाउँपालिकाले बेवास्ता गरेकाले रकम फिर्ता भएको हो भने ।

# हरेक दु:खसुखमा साथ दिने मित्र भारत नै हो



**डा. श्वेता दीप्ति**

**प्राध्यापक, केन्द्रीय हिन्दी विभाग, त्रिभुवन विश्वविद्यालय**

**खुला सिमानालाई बन्द गर्नुपर्‍यो भने मात्र परिचयपत्रले काम गर्छ। सीमा खुला छ भने परिचयपत्रको कुनै पनि औचित्य छैन। कहाँ-कहाँ तपाइँ परिचयपत्र दिनुहुन्छ ?**

**० प्रधानमन्त्री केपी शर्मा ओलीले हालै दुईटै छिमेकी राष्ट्र चीन र भारतको भ्रमण गर्नुभएको छ। दुवै छिमेकी मुलुकसँग नेपालको सम्बन्धलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– नेपालको भौगोलिक अवस्था एक हिसाबले धेरै भाग्यमानी रहेको छ। नेपालले दुवै ठूला र सम्पन्न छिमेकी मुलुकसँग फाइदा लिन सक्छन्। खासगरी विगतमा नेपाल र भारतबीचको सम्बन्धमा जुन तिक्तता आएको थियो त्यसलाई पुर्न प्रधानमन्त्रीको भारत भ्रमण र उताका प्रधानमन्त्रीको नेपाल भ्रमणले ठूलो भूमिका खेलेको छ। तर, चीनसँग भएको सम्झौता नेपालका लागि त्यति लाभदायी देखिएको छैन।

**० नेपाल र भारतबीचको सम्बन्ध विशिष्ट खालको रहेको विश्लेषण गरिन्छ, दुई देशबीचको सम्बन्धका आयामहरू के-के हुन् ?**

– नेपाल र भारतबीचको सम्बन्ध सदियौंदेखिको छ। धार्मिक, राजनीतिक र सांस्कृतिक दृष्टिकोणले भारतसँगको सम्बन्धलाई हामीले नकार्न सक्दैनौं। भारतसँग रहेको खुला सिमानाले हाम्रो सामाजिक सम्बन्धलाई बढी बढावा दिएको पाइन्छ। नेपाल र भारतबीचको सबभन्दा बलियो आधार भनेको पर्यटन हो। त्यसलाई मध्यनजर राखेर पर्यटनले देशलाई विकासमा फाइदा पुऱ्याउन सक्छ, त्यसको लाभ अहिलेसम्म हामीले लिन सकेका छैनौं। यसको पहल भारत र नेपाल दुवैतर्फबाट गर्न आवश्यक छ। यसपटकको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको क्रममा जसरी प्रदेशको राजधानी जनकपुरधाम जानुभयो त्यहाँका ऐतिहासिक धार्मिकस्थललाई हामीले पर्यटकीय बनाउन विशेष पहल आवश्यक छ।

**० तैपनि दुई देशबीचको सम्बन्धमा बेला-बेलामा उतार-चढाव आइरहन्छ, किन होला ?**

– जोसँग हामी जति नजिक हुन्छौं, उससँग हाम्रो अलि बढी गुनासाहरू हुने गर्छन्। यसैगरी, हामीले भारतसँग धेरै अपेक्षा गरेका छौं। ती अपेक्षाहरू भारतले पूरा गर्छ कि गर्दैन त्यो हाम्रो गुनासोको आधार हुन सक्छ। भारतले नेपालमा केही गरेको छैन भन्ने पनि छैन। हाम्रो देशमा जति पनि राजनीतिक परिवर्तनहरू भएका छन् त्यसमा भारतको अहम् भूमिका रहेको छ। तर, यहाँ एक किसिमको मानसिकता नै रहेको छ कि भारतलाई गाली गरेर ठूलो राष्ट्रवादी भइन्छ। त्यो हटाउनुपर्ने आवश्यक्ता छ। किनभने हाम्रो सबभन्दा नजिकको र हरेक दु:खसुखमा साथ दिने छिमेकी राष्ट्र भारत नै हो।

**० खासगरी, नेपालका राजनीतिक दल र नेताहरू नेपाल र भारतबीचको सम्बन्धका बारे आआफ्नै ढंगले विश्लेषण गर्ने गरेका छन्। आफू अनुकूल भयो भने मित्र ठान्छन्, नभए शत्रु। यसले पनि दुई देशबीचको सम्बन्धमा केही असर गर्छ कि ?**

– यो प्रष्ट नै छ। जब कुनै दल वा नेता आफूलाई कमजोर भएको ठान्छन् त्यो समयमा जनतामा आफूलाई ठूलो राष्ट्रवादी देखाउन भारतविरूद्ध चर्काचर्का भाषण गर्न थाल्छन्। यस्तो मानसिकता नेपालमा राजतन्त्रदेखि नै विद्यमान रहेको छ र आज पनि त्यहीं भएको छ। देशमा जुन परिवर्तनको लहर आयो त्यसमा नेताहरू आफूलाई ठूलो देखाउन भारतको विरोध गर्दै सत्तामा पुग्दै आए र सत्तामा पुगिसकेपछि भारतसँगको सम्बन्ध राम्रो भयो भन्ने खालका मानसिकता पालेका छन्। सत्ताबाहिर हुँदा भारतलाई गाली गर्ने, सत्तामा गएपछि भारतको हितैसी बन्ने मानसिकता त छँदैछ।

**० भनेपछि नेताहरूको प्रवृत्तिगत स्वभावले गर्दा दुई देशबीचको सम्बन्धमा खटपट आउने गरेको देखिन्छ ?**

– यो त छँदैछ। अहिले पनि स्वार्थको राजनीति हुँदै आएको छ। अहिले हाम्रो अगाडि एउटा बलियो सरकार छ। तर बलियो सरकारको कार्यशैलीबाट स्थिरता कायम हुन सकेको छैन। यत्रो शक्तिशाली सरकार भएर पनि अस्थिर छ। सरकारसँग कुनै नीति छैन, कुन नीति लिएर अगाडि बढ्ने, जनताको आवश्यक्ता के छ, कसरी पूरा गर्ने त्यसबारे सोच छैन। आफ्नो सरकारलाई टिकाउनका लागि के गर्नुपर्छ, यिनीहरूका अगाडि भारत मात्र एउटा मुद्दा छ।

**० नेपालले अहिले जसरी त्रिदेशीय साझादेरीको मुद्दा उठाएको छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– नेपालका लागि चीन र भारत दुईटा ठूलो बजार छन्। व्यापारको आधार बनाएर विश्व समक्ष एउटा बलियो राष्ट्रको रूपमा प्रस्तुत हुने चीनको नीति छ। यो त्रिदेशीय साझेदारीमा नेपाल चीनका लागि एउटा माध्यम मात्रै हो। नेपालमा अहिले केरूङ्ग-काठमाडौं रेलको कुरा चलिरहेको छ तर त्यो रेलबाट नेपालले के आयात गर्न सक्छ त्यो एउटा पाटो भयो। यसबाट नेपालभन्दा पनि चीनलाई नै बढी फाइदा हुन्छ। चीनले नेपालमा यो गरिदिन्छ, त्यो गरिदिन्छ भन्छन् तर त्यसलाई हाम्रो भौगोलिक आधारले नकारिरहेको छ। विकासशील साना राष्ट्रलाई चर्को ब्याजमा ऋण दिने र उसको विकासको सम्भावनालाई समाप्त पारिदिने चीनको नीति नै छ। नेपाल पनि अहिले त्यही बाटोमा गइरहेको छ। केरूङ्गबाट रेल यहाँ त आउँछ तर हामीले यहाँबाट के पठाउने, त्यसको सम्भावना छैन।

**० भनेपछि चीनले रेलमार्गमार्फत् नेपाल हुँदै भारतसँग आफ्नो पहुँच पुऱ्याउन खोजेको हो ?**

– चीन जसरी पनि नेपाल-भारत सीमासम्म पुग्न चाहन्छ। चीन एउटा देश हो जसले आफ्नै देशमा ऋण दिँदैन तर अन्य मुलुकलाई दिइरहेको छ। चीनले आफ्ना उत्पादन भारतको बजारसम्म पुगोस् भन्ने मनसाय राखेको छ।

**० केरूङ्ग-काठमाडौं रेल सम्झौता भएको छ, यसमा चीनले अनुदानमा बनाइदिने हो कि सहुलियत ऋणमा ?**

– यो अहिलेसम्म खुलेको छैन। अहिलेसम्म हामीले जानकारी पाएअनुसार चीनले बनाइदिन्छ। यदि चीनले बनाइदिन्छ भने शतप्रतिशत ऋण होला कि हाम्रो देशको पनि लगानी रहन्छ, प्रष्ट छैन। यदि ऋण हो भने नेपाललाई धेरै ठूलो घाटा हुन्छ। किनकि त्यो ऋणको चुक्ता गर्न हाम्रा सन्ततिहरूले पनि सक्दैन। केरूङ्गदेखि काठमाडौंसम्म रेल ल्याउन त्यति सजिलो छैन।

**० चिनियाँ रेलबाट नेपालले कति फाइदा लिन सक्छ त ?**

– रेल ल्याउने कुराभन्दा पनि नेपालमा यसभन्दा पनि धेरै जनताका साना-साना समस्याहरू छन् जसलाई समाधान गर्नु आवश्यक छ। ती समस्याहरू समाधान भएपछि रेल पनि आओस्। हाम्रा युवाहरू विदेश पलायन भइरहेका छन्, चेलिबेटी विदेशिन बाध्य हुन्छन् तिनीहरूलाई कसरी रोक्ने, रोजगारको अवसर दिने लगायतका कुराहरूमा सरकारको प्राथमिकता हुनुपर्छ।

**० नेपालमा अहिले एउटा शक्तिशाली वामपन्थी सरकार छ, यसले गर्दा भारतको नेपाल नीतिमा परिवर्तन आएको हो ?**

– भारतको नेपाल नीति के छ भन्ने कुरा सबैलाई थाहा नै छ। नेपाली जनताले नेपालमा एउटा मजबुत र स्थायी सरकार खोजेको थियो। तर, जनताको त्यो भ्रम पनि हट्दै गइरहेको छ। जहाँसम्म भारतको नेपाल नीतिको कुरा छ, भारत एउटा आफै विशाल र विश्वमा उदियमान राष्ट्र हो, उसको आफ्नै नीति होला। त्यसैले कुनै सरकार परिवर्तन हुँदैमा नीति नै परिवर्तन गर्नुपर्ने भारतको लागि आवश्यक छैन। कुनै पनि राष्ट्र आफ्ना जनताप्रति आफै इमान्दार हुनुपर्छ। नेपालको विदेश नीति के छ भने प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा कुन कुन एजेन्डा लिएर जाने, कसरी प्रस्तुत हुने लगायतका विषयमा पर्याप्त गृहकार्य गरेको देखिँदैन। नेपालमा शक्तिशाली सरकार भन्छन् तर, शक्तिशाली सरकारको दृष्टिकोण छिमेकी मुलुकसँग कसरी फाइदा लिने अहिलेसम्म देखिएको छैन।

**० नेपाल-भारत प्रबुद्ध व्यक्ति समूहले नेपाल-भारत सीमामा परिचयपत्र लागू गर्नुपर्ने प्रस्ताव ल्याउँदैछ भन्ने सुनिन्छ, यसको सार्थकता के हो ?**

– नेपाल र भारतको सीमामा कहिल्यै पनि परिचयपत्र लागू हुन सक्दैन। जसरी प्रवुद्ध व्यक्ति समूहले प्रस्ताव ल्याएको छ, यो गलत हो। म सल्लाह दिन चाहन्छु कि प्रवुद्ध व्यक्ति समूहका दुवै देशका सदस्यहरू पहिला सीमा क्षेत्रमा गएर हेर्नुपर्छ। खुला सिमानालाई बन्द गर्नुपर्‍यो भने मात्र परिचयपत्रले काम गर्छ। सीमा खुला छ भने परिचयपत्रको कुनै पनि औचित्य छैन। कहाँ-कहाँ तपाइँ परिचयपत्र दिनुहुन्छ ? पहिला सीमा बन्द गरिदिनुस् अनि परिचयपत्र मात्र किन पासपोर्ट नै लागू गरिदिनुस् कुनै ठूलो कुरा छैन।

## नेपाली गाडीलाई भारतमा निर्वाध प्रवेश

काठमाडौं। भारतमा अब नेपाली नम्बर प्लेटका गाडीले निर्वाध प्रवेश पाउने भएका छन्। नेपालको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र भारतको सडक परिवहन तथा राजमार्ग मन्त्रालयका सहसचिवको नेतृत्वमा नयाँ दिल्लीमा भएको बैठकमा भारतीय पक्ष नेपाली नम्बर प्लेटका गाडीहरूलाई सहज ढंगले भारत प्रवेश र आवागमन गर्न अनुमति दिन सहमत भएको हो।

सन् २०१४ मा भएको नेपाल-भारत मोटर भेहिकल सम्झौताअन्तर्गत संयुक्त कार्य समूहको नयाँ दिल्लीमा सम्पन्न बैठकमा उक्त विषयमा सहमति जुटेको हो। 'बैठकमा नेपाली नम्बर प्लेटका सवारीसाधनलाई भारतीय गाडीहरूले पाएजस्तै पारस्परिक रूपमा सुविधा दिन र तत्काल आवश्यक प्रक्रिया अगाडि बढाउने सहमति भएको छ,' नेपाली वार्ता टोलीका प्रमुख भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशवकुमार शर्माले बताए।

यसबाहेक बैठकमा नेपाल र भारतबीच हाल सञ्चालनमा रहेका अन्तरदेशीय बस सेवाअन्तर्गत जनकपुर-अयोध्या रूटलाई समेत औपचारिक रूपमा समावेश गर्ने निर्णय भएको छ। भारतीय प्रधानमन्त्री नरेन्द मोदीको गत जेठमा भएको नेपाल भ्रमणका बेला जनकपुर-अयोध्या बस सेवाको सांकेतिक रूपमा उद्घाटन गरिएको थियो। तर, उक्त रूटले औपचारिकता नपाएका कारण जनकपुर-अयोध्या बस सेवा उद्घाटनमै सीमित थियो।

हाल सञ्चालनमा रहेका छवटा अन्तरदेशीय बससेवाका रूटमा जनकपुर-अयोध्यालाई पनि समावेश गर्ने निर्णय भएको छ। यसबाहेक हाल सञ्चालनमा रहेका रूटहरूलाई थप व्यवस्थित र सहज बनाउन विविध पक्षमाथि छलफल भएको शर्माले जानकारी दिए।





स्थानीय सम्वाद

# सिंहदरबार गाउँ-गाउँमा पुगेको अनुभव भएको छ



**विक्रम यादव**

**अध्यक्ष**

**चक्रघाटा गाउँपालिका, सर्लाही**

**० चक्रघाटा गाउँपालिकामा अहिले के-कस्ता विकासका कामहरू भइरहेका छन् ?**

– अहिले देशमा तीन तहको सरकार बनेको छ। यो पहिलो अनुभव हो। पदाधिकारीदेखि हरेक संरचना नयाँ भएकाले केही बाधा व्यवधानहरू उत्पन्न हुनु स्वभाविक नै हो। हामीले सबैभन्दा पहिले सडक निर्माणलाई नै प्राथमिकतामा राखेर काम अगाडि बढाउँदै छौं।

**० तपाईं यस गाउँपालिकामा चुनिएर आउनुभएको पनि १० महिना भइसक्यो। गत वर्षको बजेटमा यो क्षेत्रका लागि के-केलाई प्राथमिकता दिएर काम गर्नुभयो ?**

– हामीले शिक्षा, स्वास्थ्य र सडकलाई प्राथमिकतामा राखेका थियौं। शिक्षामा सबैभन्दा बढी समस्या भनेको शिक्षककै कारणबाट हुने रहेछ। हामीलाई शिक्षक नियुक्ति गर्ने अधिकार छैन। त्यस्तै विद्यालयहरूका भौतिक संरचना निर्माणमा हामीले ध्यान दियौं। खेल मैदान, कक्षाकोठा, शौचालय निर्माण गऱ्यौं। स्वास्थ्यको क्षेत्रमा धेरै वर्षदेखि अस्पतालहरूमा औषधीको अभाव हुने गरेको थियो। त्यसलाई हटाउन अस्पतालहरूमा भारी मात्रामा औषधि पुऱ्याएर सहज बनायौं। हामीले सडकलाई प्राथमिकतामा राखेर नयाँ सडक खन्ने, पहिलेदेखि बनिरहेको बाटोलाई कालोपत्रे गर्ने, केही समस्या नहोस् भनेर बाटो फराकिलो गर्ने काम गऱ्यौं। हामीले सडकमा ढलान गर्ने व्यवस्था गरेका छौं र मुख्य प्राथमिकतामा राखेका पनि छौं।

**० आर्थिक वर्षको अन्त्यमा असारे विकास बढी भयो भन्ने आम जनगुनासो रहने गरेको छ नि ?**

– हामीले यो वर्ष असारमा खासै विकास निर्माणको काम गरेनौं। तालिम, गोष्ठी लगायतका कार्यक्रमहरू असारमा राखेका थियौं। अन्य विकास निर्माणका कामहरू जेठसम्म सकिसक्ने योजना अनुरूप अगाडि बढेका थियौं र त्यसरी नै काम गऱ्यौं।

**० बजेट फ्रिज हुने समस्या कति रह्यो यो वर्ष ?**

– चुनावको वर्ष भएर पनि होला, यो वर्ष त्यति ठूलो रकम बजेट फ्रिज भएको छैन। झण्डै ७०% बजेट हामीले खर्च गर्न सफल भयौं। मधेशमा अलिकति आन्तरिक द्वन्द्वको कारणले गर्दा पनि ३०% बजेट उपयोग गर्न सकेनौं। त्यो बजेटलाई अहिलेको आर्थिक वर्षमा हामीले विनियोजित गऱ्यौं। जुन काम गर्न हामीलाई हिजोका दिनमा बाधा व्यवधानहरू उत्पन्न हुने गरेको थियो यसपालि हामीले सुरूमा नै कुन ठाउँमा योजना लैजाने हो त्यो विषयमा छलफल गरेर मात्र अगाडि बढाउने योजना बनाएका छौं।

**अहिले यति छोटो समयमा नै यहाँका जनताले सिंहदरबार गाउँमा आइपुगेको अनुभव गरेका छन् र भविष्यमा हामी अझ राम्रो काम गर्दै जानेछौं।**

**० स्थानीय निर्वाचन पश्चात् सिंहदरबार गाउँ गाउँमा पुग्छ भन्ने गरिन्थ्यो, त्यहाँका जनताले सिंहदरबार गाउँमा पुगेको भन्ने महसुस गर्न पाएका छन् ?**

– महसुस गरेका छन्। पहिले हरेक कामको लागि काठमाडौं जानुपर्ने, कुनै योजना ल्याउनु पर्‍यो अथवा कुनै योजना परिवर्तन गर्नु पर्‍यो भने सिधैं मन्त्रालयमा नै धाउनुपर्ने अवस्था थियो तर अहिले त्यस्तो छैन। अहिले कुनै योजना बनाउनु पर्‍यो वा योजना परिवर्तन गर्नु पर्‍यो, रकम थप गर्नुपर्ने भयो भने तत्कालै बोर्डको बैठक बसेर यही समाधान निकाल्छौं। दलित, पछाडि परेका समुदायहरूलाई कुनै सेवा दिनुपर्‍यो भने हामीले यही आपतकालीन बैठक बसेर तत्काल उनीहरूलाई राहत दिने व्यवस्था गर्छौं र हरेक हिसाबले यहाँका जनतालाई स्थानीय सरकारले सहयोग गरिरहेको अनुभूति गराउन हाम्रो ध्यान रहने गरेको छ। अहिले यति छोटो समयमा नै यहाँका जनताले सिंहदरबार गाउँमा आइपुगेको अनुभव गरेका छन् र भविष्यमा हामी अझ राम्रो काम गर्दै जानेछौं।

**० अन्य स्थानीय तहका प्रतिनिधिसँग कुरा गर्दा उहाँहरूले सिंहदरबार गाउँ गाउँमा भन्ने नारामा मात्र सीमित भएको छ भन्नुहुन्छ नि ?**

– नारामा मात्र सीमित छ भनेर भन्न मिल्दैन। हामीले आफैं पनि अनुभूति गरेका छौं। हिजोको दिनमा सर्लाही जिल्लाभरीमा एउटा मात्र मेयर हुन्थ्ये अहिले सर्लाही जिल्लामा मात्र २० वटा स्थानीय तहहरू रहेका छन्। २० वटा स्थानीय तहमा हिजोको तुलनामा आजको दिनमा विकासका काम द्रूत गतिमा अगाडि बढेको छ। पदाधिकारीहरू पनि आफ्नो जिम्मेवारीबाट खुसी छन्। पदाधिकारीहरूमा अलिकति कार्य अनुभवको कमी भएर होला, सरसल्लाहको कमी होला। हामीले के सोचेर संघीयता ल्याएका छौं त्यो कुराको अधिकतम जानकारी नभएर हुनसक्ला तर नियमित तालिम, छलफल, गोष्ठीहरूले गर्दा हामीले धेरै नै अनुभव गरिसकेका छौं। वास्तवमा स्थानीय तहले जनतालाई सिधा सेवा दिन सक्छ। स्थानीय तह अप्ठ्यारो अवस्थामा छ भन्ने मलाई लाग्दैन।

**० प्रत्येक वर्ष सामान्य वर्ष हुँदा पनि गाउँघरमा पानी जम्ने, पानीको निकास नहुने समस्या देखा पर्ने गर्दछ त्यतातिर तपाईंहरूले ध्यान दिनुभएको छ ?**

– यस्ता समस्या कतिपय ठाउँमा रहेका छन्। अहिले हामीले आपसी छलफल गरेर कसको मनसाय के हो भनेर बुझिरहेका छौं। यो ठाउँमा कस्ता योजना बनाउनुपर्छ भनेर हामीले भन्ने गरेका छैनौं। कुन ठाउँको के समस्या छन्, कस्ता योजनाको आवश्यक्ता रहेको छ त्यहींका जनतासँग बुझ्ने गरेका छौं। यसो गर्दा निर्विवाद हिसाबले समस्या समाधान भईरहेको छ।

**० तपाईंको गाउँपालिकाका लागि आगामी एजेन्डाहरू केके रहेका छन् ?**

– हामीले आवधिक योजनामा शिक्षामा जोड दिएका छौं। हामीले महिला शिक्षा, प्रौढ शिक्षाको पनि व्यवस्था गरेका छौं। मधेशमा कृषि उत्पादन धेरै हुने गर्दछ। त्यहाँ सिँचाईको समस्या रहेको छ। खेतीबालीमा सिँचाईको व्यवस्था गर्न योजना अगाडि ल्याएका छौं। नदीनालाबाट खेर गइरहेको पानीलाई कसरी खेतबारीमा प्रयोग गर्न सकिन्छ भनेर हामीले सल्लाह गरिरहेका छौं। शिक्षा र सिँचाईलाई प्राथमिकतामा राखेर हामी अगाडि बढेका छौं।

## विश्व परिवेश

# अतिवाद र सैन्यत्रासको छायाँमा पाकिस्तानको चुनाव



एजेन्सी । राजधानी इस्लामावादमा आयोजना गरेको पत्रकार सम्मेलनमा पाकिस्तानी सेनाका प्रवक्ता असिफ गफुरले भने-'यो आमनिर्वाचनमा सेनाको प्रत्यक्ष भूमिका वा राजनीतिक चासो छैन, हामी सरकार र निर्वाचन आयोगको आदेश र खटनमा काम गरिरहेका छौँ ।' बितेका दुई हप्तामा यो उनको दोस्रो स्पष्टीकरण हो । प्रवक्ता गफुरले गत हप्ता पनि सेनाद्वारा नै आयोजना गरिएको पत्रकार सम्मेलनमा यहि कुरा बोलेका थिए । उनले भने, 'हामी देशको निर्वाचन आयोगको आदेशमा काम गरिरहेका छौँ । र पाकिस्तानको इतिहासमा मलाई लाग्छ यसपटक सबैभन्दा धेरै अर्थात् तीन लाख ७१ हजार सेना निर्वाचनकै लागि खटेको छ । आमनिर्वाचन सफल बनाउनु सेनाका लागि पनि प्रतिष्ठाको विषय हो ।' गत हप्ताको पत्रकार सम्मेलनमा त उनले सेनाले शान्ति सुरक्षामात्र होइन कि मतपत्र छाप्ने काममा पनि आयोगलाई सघाएको बताए । उनले मुलुकको सेना यति धेरै संख्यामा पहिलोपटक निर्वाचन प्रयोजनका लागि खटेको बताउँदै निर्वाचन आफ्नो पक्षमा पर्ने या निर्वाचनअगावै पनि कुनै किसिमको राजनीतिक हस्तक्षेप नगर्ने स्पष्टीकरण दिएका थिए ।

यसरी सैनिकले किन पटक पटक स्पष्टीकरण दिनु परिरहेको छ भन्ने विषय पाकिस्तानको राष्ट्रिय राजनीतिका लागि एक महत्वपूर्ण पक्ष मान्न सकिन्छ । किनभने पाकिस्तान देश जन्मिएदेखि नै यहाँको राजनीतिको अधिकांश समय सेनाको छायाँमा नै परेको छ । त्यसैले पकिस्तानको सेना सत्तामा भए वा नभए पनि शक्तिशाली मानिन्छ । किनभने सन् १९४७ मा पाकिस्तान राष्ट्र जन्मिएपछिको सात दशकको अधिकांश समय सेनाले नै सरकार चलाएको छ । देशको शासन सत्ताको बागडोर पटक पटक सम्हालेको सेना त्यसैले सत्ता बाहिरै भए पनि शक्तिशाली मानिन्छ । त्यही शक्तिको छायाँ यतिखेर पनि पाकिस्तानको राजनीतिमा देखिने आशंका छ । जसका कारण निर्वाचन अघि वा परिणाम पछि पनि सेना अघि बढ्ने आशंका गरिँदैछ ।

एक त पाकिस्तानको सेना सत्ता सञ्चालनमा अनुभवी छ, अर्कातर्फ पाकिस्तानमा यतिखेर प्रजातान्त्रिक शक्तिहरू कमजोर हुनपुग्दा राजनीतिक अन्योल छ । त्यसैले यतिखेर पुनः सैनिकको भूमिकाप्रति प्रश्न उब्जिएको छ । सैनिक प्रवक्ताले पत्रकार सम्मेलन गरेरै यो विषयलाई पटक पटक स्पष्ट गर्नुपर्नाको कारण पनि यही हो ।

भारतबाट अलग्गिएर सन् १९४७ को अगष्ट १४ मा नयाँ राष्ट्रका रूपमा पाकिस्तान जन्मियो । यससँगै भारतमा जारी बृटिश शासनको पनि अन्त्य भयो । त्यसयताको सात दशकको इतिहासमा भारतमा प्रजातान्त्रिक र दिगो नागरिक सरकार बनेको छ भने पाकिस्तानमा त्योभन्दा बढी सेनाले सरकार चलाएको छ । भारतीय स्वतन्त्रता संग्राममा एकजना योद्धा रहेका मोहम्मद अलि जिन्नालाई अलग्गै मुस्लिम राज्यका रूपमा पाकिस्तान जन्माउने श्रेय जान्छ । नयाँ देशका रूपमै जन्मिएपछि पाकिस्तानका सामु स्थायित्व र आर्थिक आधार निर्माण गर्ने कैयौँ समस्या थिए होला । पाकिस्तान स्वतन्त्र भएको वर्ष दिनमै यसका जन्मदाता जिन्नाको निधन भयो । जसले गर्दा जिन्नापछिको नेता कुन भन्ने विषयमा पाकिस्तानमा विवाद भयो ।

उता भारतमा पनि महात्मा गान्धीको त्यसै समय हत्या भएको भए पनि उनका उत्तराधिकारी जवाहरलाल नेहरूले सत्ता सम्हालेकाले त्यता राजनीतिक अस्थिरताले हानेन् । यसका अतिरिक्त त्यसैबेला उता भारतले पाकिस्तानमाथि आक्रमण गर्‍यो । यसले गर्दा पाकिस्तानमा देशको सीमा सुरक्षाको नाममा सेना अघि सर्‍यो र देशको राजनीतिक नेतृत्वका लागी पनि लालायित भयो । यही पृष्ठभूमिको बल अहिले पनि पाकिस्तानी सेनाले प्राप्त गरिरहेको छ । त्यसैले यहाँको नागरिक सरकार वा राजनीतिमा कुनै अस्थिरता उत्पन्न हुनासाथै त्यहाँ सेनाले दखल दिने हो कि भन्ने आशंकाले जन्म लिइहाल्छ ।

यतिखेर पनि पाकिस्तानको अवस्था ठ्याक्कै यस्तै छ । पाकिस्तानमा २५ जुलाईमा संसद्को निर्वाचन भएको छ । तर नागरिक सरकारका लागि एकजना मियो मानिने नेतालाई निर्वाचनको मुखैमा आएर १० वर्षे जेल हालिएको छ । नवाज शरिफ पाकिस्तानमा पटक पटक नागरिक सरकारको नेतृत्व गरी आएका प्रजातन्त्रवादी नेता हुन् । उनले पाकिस्तानमा प्रजातान्त्रिक तवरबाट सम्पन्न निर्वाचनबाटै निर्वाचित भएर देशमा तीन पटकसम्म प्रधानमन्त्रीको भूमिका निर्वाह गरिसकेका छन् । आठ महिनाअघिसम्म वर्तमान सत्तारूढ दलकै नेताका रूपमा उनी प्रधानमन्त्री थिए । तर उनी अब जीवनभर राजनीति गर्न नपाउने गरी भ्रष्टचारको आरोपमा जेल परेका छन् । उनले आफूलाई राजनीतिक पूर्वाग्रह लिएर सेनाले फसाएको भनिरहेका छन् । त्यसैले पनि सेना अघि आउला भन्ने आशंका उब्जिएको हो । सेनाजस्तै यहाँको प्रजातान्त्रिक प्रक्रिया र उदारवादको अर्को तगारो अतिवाद या आतंकवाद हो । यहाँ पछिल्ला वर्षहरूमा तालिवानको प्रवेश भएको छ । उनीहरूले ईश्वरको निन्दा गरिएको भन्ने नाममा कट्टरपन्थ इस्लामिक धर्मका पक्षमा छन् । त्यसैले उनीहरू नारी अधिकार, प्रजातन्त्र र उदारवाद कुनै पनि आधुनिकतामा विश्वास गर्दैनन् । उनीहरूको माग कट्टरपन्थी तालिबान शासन हो जुन विश्व समुदायबाट अलगै भएर रहनु परे पनि परोस् । उनीहरूले घोषणा नै गरेर निर्वाचन हुन नदिने, भाँड्ने बताइरहेका छन् । अहिले सम्मका निर्वाचनलक्षित हिंसाको जिम्मेवारी पनि उनीहरूले नै लिएका छन् ।

निर्वाचनको मुखमा आएर शरिफलाई निर्वाचनमा सहभागी हुनबाट वञ्चित गरी जेल हालेकाले यसको सोझो फाइदा यसपटकको निर्वाचनमा पाकिस्तानी तेहरिक -ए-इन्साफका नेता तथा क्रिकेट खेलाडी इमरान खानलाई पुग्न सक्ने देखिन्छ । पश्चिमासँग मिलेको देखिए पनि यहाँका परम्परावादी समूहसँग मिल्ने गरेकाले यहाँको धार्मिक कट्टरपन्थी समूहले पनि इमरान खानलाई यहाँको एक वैकल्पिक शक्तिका रूपमा पनि स्थापना गर्न सक्ने देखिन्छ । तर प्रजातन्त्रवादी नेत्री स्वर्गीय बेनजिर भुट्टोको पाकिस्तान पिपुल्स् पार्टी (पिपिपी) पनि त्यति कमजोर भने छैन् ।

जमाते उल दावाजस्ता पुरातनवादी समूह फरक ब्यानरबाट लडेर इमरानलाई जिताउन सहयोग गर्नेमा खुलेका छन् भने उनलाई यहाँको सेनाले पनि सहयोग गर्ने ठानिएको छ । अहिले प्रतिष्पर्धामा उत्रिएका प्रमुख दलमध्ये पूर्वप्रधानमन्त्री नवाज शरिफको पार्टीलाई टक्कर दिनसक्ने दलका रूपमा पनि खानको पार्टी देखिएको छ । शरिफको सत्तारूढ पार्टी प्रजातान्त्रिक धारको मानिन्छ भने इमरानको नयाँ पार्टीले देशभित्रका सबै लोकप्रिय धारलाई समातेर सेनाको आड अथवा पक्षपोषण भित्रभित्रै खोजेको देखिन्छ । पाकिस्तानको इतिहासमा कुनै पनि प्रधानमन्त्रीले आफ्नो पूर्ण कार्याकाल सत्ता सम्हाल्न पाएका छैनन् । सन् १९५८ मा जर्नेल आयुब खानले सैनिक शासन शुरू गरेपछि यहाँ कयौँपटक सेना नै हावी भएको छ । सेना हावी हुँदा प्रजातान्त्रिक दलहरू कमजोर हुनु स्वाभाविकै हो । अनि नागरिक सरकारले कार्यकाल पूरा गर्न नपाउनु पनि स्वभाविकै हो । यतिखेरको निर्वाचनमा पनि यस्ता कैयौँ त्रासहरू जीवितै छन् ।

## वन्यजन्तुलाई जोगाउन समन्वय बढाउने

काठमाडौं । चितवन राष्ट्रिय निकुञ्ज र भारतको वाल्मीकि टाइगर रिजर्भले विपद्का बेलामा हुने वन्यजन्तुको क्षति रोक्न समन्वय बढाउने भएको छ । अघिल्लो वर्ष बाढीले वन्यजन्तुहरू बगाएर भारत पुऱ्याएकाले यस्ता विपद्बाट हुने क्षति न्यून गर्न समन्वयलाई चुस्त पार्ने सहमति भएको हो । केही दिनअघि चितवन निकुञ्ज र वाल्मीकि टाइगर रिजर्भका अधिकारीहरूबीच समन्वय बैठक बसेर यस्तो निष्कर्ष निकालिएको थियो । अहिले वाल्मीकि टाइगर रिजर्भले हात्तीसारको संख्यासमेत बढाएकाले गैंडालगायत वन्यजन्तुको उद्धारमा अझै सक्रिय भएर लाग्ने छ । चितवन निकुञ्ज र भारतको वाल्मीकि टाइगर रिजर्भ वाल्मीकि आश्रम क्षेत्रमा जोडिएको छ ।

मिहिनेतको कमाईको सम्मान गर्ने बानी बसालौं,
भ्रष्टाचारमुक्त समाजको निर्माणमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## "सम्बन्धलाई नयाँ उचाईमा पुऱ्याउन पत्रकारको भूमिका महत्वपूर्ण"



बाँके । नेपाल र भारत दुई देशबीचको सम्बन्धलाई नयाँ उचाईमा पुर्‍याउन पत्रकारको भूमिका महत्वपूर्ण हुने मिडिया फोटो ग्राफर्स क्लब उपप्रदेशका अध्यक्ष एसएम पारीले बताएका छन् । नेपालगंजमा पत्रकारहरूसँग कुरा गर्दै पारीले नकारात्मक सोचभन्दा पनि सकारात्मक सोचलाई लिएर दुवै देशबीचको सम्बन्धलाई अगाडि बढाउन आवश्यक रहेको धाराणा राखेका थिए ।

नेपाल पत्रकार महासंघ बाँकेका कार्यसमिति सदस्य एंव थर्ड एलायन्सका उप प्रादेशिक प्रमुख आलम खानले नेपाल-भारतबीचको रोटीबेटीको सम्बन्ध रहेकोले अब पत्रकारहरूका बीच पनि मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्न आवश्यक रहेको बताए । उनले मिडिया फोटो ग्राफर्स क्लबले नेपाली पत्रकारहरूलाई सम्पन्न गरेको स्मरण गर्दै भविष्यमा पनि नेपाली पत्रकारहरूलाई क्लबसँग जोड्नका निम्ति पहल गर्न अनुरोध गरेका थिए । खानले नेपाल पत्रकार महासंघ भारतीय संचार संस्थाहरूसँग समन्वय गर्न तयार रहेको समेत जिकिर गरे ।

कार्यक्रममा प्रेस मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष आशीष गुप्ताले विगतमा क्लबले नेपाली पत्रकारहरूलाई दिएको स्थानको प्रसशा गर्दै भविष्यमा पनि नेपाली पत्रकारहरूलाई स्थान दिने भन्ने कुरामा विश्वस्त रहेको बताए । प्रेस सेन्टर नेपालका अध्यक्ष डक्ट प्रसाद धितालले नेपाली भूमिमा पहिलो पटक स्वागत गर्न पाउँदा खुशी लागेको बताउँदै भारतीय मिडिया हाउसले नेपाली पत्रकारहरूको निःशुल्क उपचारका लागि सरकारसँग पहल गरी दिन माग गरे । एनपी आईका प्रमुख मोहम्मद आरीफ अन्सारीले पत्रकारहरूको कुनै धर्म नभएको बताउँदै नेपाल र भारत बिचको पत्रकारीतालाई अझ बलियो बनाउन आवश्यक रहेको बताए ।

धन्याबाद ज्ञापनसहित कार्यक्रमको समापन गर्दै क्लबका अध्यक्ष पारीले नेपालमा क्लब स्थापना भए पनि अधिकारी घोषणा गर्न बाँकी रहेको बताउँदै छिटै अधिकारिक रूपमा घोषणा गरिने बताए । उनले नेपाली पत्रकारहरूको भारतमा निःशुल्क उपचारका लागि सरकारसँग यसभन्दा पहिला पनि नेपाली पत्रकारहरूका बिच छलफल भए पनि केही प्राविधिक त्रुटीका कारण अधिकारी रूपमा सम्झौता हुन नसके पनि केही महिना भित्रै प्रदेश सरकारसँग नेपाली पत्रकारहरूलाई राखेर सम्झौता गराउने प्रतिबद्धता व्यक्त गरे । भारतको लखनऊमा उपचार गराइरहेका नेपाली पत्रकार रहिस अहमद सिद्धिकिको आर्थिक स्थिति कमजोर भएका कारण उपचार समस्या भएकोले तत्काल उपचारका लागि पहल गर्न क्लबका अध्यक्ष पारीसँग नेपाली पत्रकारहरूले अनुरोध गरेका थिए । अध्यक्ष पारीले प्रदेश सरकारसँग कुरा गरेर निशुल्क उपचारको व्यवस्था मिलाउने बताए ।

## जिल्ला समाचार

### कमजोर मनसुनले धानबाली सुक्न थाले

धनगढी । यस वर्ष साउन महिना लाग्दासम्म प्रदेश नं ७ का अधिकांश जिल्लामा ठूलो मनसुनी वर्षा हुन नसक्दा रोपिएको धानबाली सुक्न थालेको छ । आकासको पानीको भरमा धान रोपाइँ गरिएको धानबाली पर्याप्त वर्षा नहुँदा प्रभावित भएको हो । रोपिएको धानमा पानीको अभाव सिर्जना भएपछि खेतमा चिरा पर्न थालेको स्थानीय किसान जंगवीर चौधरीले बताए । "बोरिङबाट पानी तानेर धान रोपाइँ गरियो, किसान जंगवीरले भने, "वर्षा नहुँदा देखिएको खडेरीले धान सुकेर जाने चिन्ता लागेको छ ।" खास गरी प्रदेशका पहाडी जिल्लाको तुलनामा धान उत्पादनका प्रमुख जिल्ला तराईका कैलाली र कञ्चनपुरको धान बालीलाई पुग्ने गरी मनसुनी वर्षाको अभाव भएको छ ।

### सुकुम्बासी समस्यामा

विराटनगर । विराटनगर महानगरपालिका-१ स्थित श्रीनगर टोलमा बसोबास गर्ने सुकुम्वासी वडा कार्यालयले दिएको सूचनाबाट समस्यामा परेका छन् । सडक चौडा पार्ने र सडकसँग जोडिएको जग्गामा पार्क बनाउने वडा कार्यालयको योजनाले त्यस स्थानमा बस्ने सुकुम्वासीलाई तीन दिनभित्र घर टहरा हटाउन पत्र पठाएको छ । करीब आठ घरपरिवार सो स्थानमा लगभग ३० वर्षदेखि बस्दै आएका छन् भने उनीहरूको आर्थिक अवस्था निकै कमजोर रहेको पीडितले आइतबार पत्रकार सम्मेलन गरी जानकारी दिएका छन् । उचित बासको व्यवस्था नगरी घरटहरा हटाउन पठाएको निर्देशनले मानसिक तनाव बढेको र संविधानले दिएको नागरिकको आवासको अधिकार हनन भएकोमा उनीहरूले चिन्ता व्यक्त गरेका छन् ।

### अपहृत बालकको शव फेला

वीरगञ्ज । करीब डेढ महीनाअघि बारा जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिका-७ निवासी ललनप्रसाद साहका नौवर्षीय छोरा अंकितकुमारको अपहरणपछि हत्या भएको बारा प्रहरीले पुष्टि गरेको छ । भारत विहारको सिकटा बलसरबाट पक्राउ परेका अजय पटेलको बयान तथा अपहृत अंकितजस्तै अनुहार भएकोसोमबार एक बालकको शव सडेगलेको अवस्थामा भेटिएपछि उनको हत्या भएको जानकारी जिल्ला प्रहरी कार्यालय बाराले गरेको छ । गत जेठ २२ गते अपहरृत अंकितको शव पश्चिमी पर्साको जगरनाथपुर गाउँस्थित गण्डक नहरमा बोरामा राखिएको अवस्थामा फेला परेको पुष्टि बाराका प्रहरी नायब उपरीक्षक रञ्जितसिंह राठौरले बताए । शव सडेगलेको र पूर्णरूपमा निकाल्न नसकिने अवस्थामा रहेकाले डिएनए परीक्षणका लागि शव गाडिएको स्थानबाट हाड र दाँत मात्र निकालिएको बारा प्रहरीले जनाएको छ ।

### नेपालगन्ज रंगशालाको शिलान्यास

बाँके । युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माले मुलुकको समृद्धि तथा विकासका लागि खेलकूदको माध्यमबाट सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने बताएका छन् । आठौं राष्ट्रिय खेलकूद २०७५ मिसनमा निर्माण गर्न लागिएको नेपालगन्ज रंगशालाको मंगलबार साँझ शिलान्यास गर्दै मन्त्री विश्वकर्माले खेलकूदबाट मुलुकलाई विकासको दिशातर्फ प्रवाह गर्न सकिने बताए । उनले नेपालगन्जमा हुन लागेको आठौं राष्ट्रिय खेलकूद राष्ट्रियस्तरकै प्रतियोगिता भएकाले यसलाई सफल बनाउन बजेट अभाव हुन नदिने आश्वासन दिए । समारोहमा राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव केशव विष्ट, मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटा, राजपाका केन्द्रीय उपाध्यक्ष विजय गुप्ता, नेपाली काँग्रेस बाँके सभापति किरण कोइरालाले पनि बोलेका थिए ।

### क्यासिनो सञ्चालनमा अन्योलता

बुटवल । रूपन्देहीको प्रमुख पर्यटकीय क्षेत्र भैरहवास्थित 'मिनि क्यासिनो' सञ्चालनमा अन्योलता देखिएको छ । पर्यटन विभागले नयाँ परिपत्र गरेपछि क्यासिनो संचालनमा अन्योलता र विवाद देखिएको हो । ह्याप्पी आवर प्रालिद्वारा सञ्चालित उक्त मिनी क्यासिनो तीन वर्षदेखि बिना इजाजत संचालनमा थियो । जिल्ला प्रशासन कार्यालयले गत असार १९ गते उक्त मिनि क्यासिनो संचालनका सम्बन्धमा पत्र लेखि सोधिएको विषयमा विभागले भैरहवामा होटल नान्स र होटल लाकौल दुई स्थानमा सञ्चालित मिनी क्यासिनोको सम्बन्धमा अदालतमा विचाराधीन मुद्दा रहेकाले सो मुद्दाको फैसलापछि मात्र सोहीबमोजिम रहने प्रष्टाएको छ ।

### "सञ्चार माध्यमलाई प्रतिस्पर्धी बनाउनुपर्छ"

धनगढी । प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले तुलनात्मक रूपमा जनताको बढी विश्वास रहने सरकारी सञ्चार माध्यमलाई प्रतिस्पर्धी र बलियो बनाउन जरूरी रहेको बताएका छन् । मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढीमा प्रदेश सरकारका काम कारबाहीका बारेमा राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनका स्थानीय प्रतिनिधिसँग भएको छलफलका क्रममा उनले सरकारका सकारात्मक कामलाई जनतासम्म पुऱ्याउने गरी भूमिका निर्वाह गरिदिन आग्रह गरे । मुख्यमन्त्री भट्टले जनतामा आउन सक्ने निरासालाई आशामा बदल्ने काम गर्न सञ्चार माध्यमको ठूलो भूमिका रहने बताउँदै "सिस्टम बसालेर त्यो आधारमा काम कारबाहीलाई अगाडि बढाउने हो" भने ।

### पर्सामा एक अर्ब ७५ करोड फ्रिज

वीरगन्ज । पर्सा जिल्लामा आर्थिक वर्ष ०७४/७५ मा संघीय सरकारले पठाएको मध्ये एक अर्ब ७५ करोडभन्दा बढी रकम फ्रिज भएको छ । गत आर्थिक वर्षमा संघीय सरकारका विभिन्न मन्त्रालयले पर्सा जिल्लामा पठाएको चालु र पुँजीगत गरी १२ प्रतिशतभन्दा बढी रकम अर्थात् एक अर्ब ७५ करोड ४९ लाख ३४ हजार रूपैयाँ खर्च हुन नसकी फ्रिज भएको हो । आव ०७४/७५ का लागि विभिन्न मन्त्रालयबाट निकासा भई चालु र पँजीगत खर्चका लागि आएको कुल बजेट १४ अर्ब २६ करोड ५७ लाख १० हजार रूपैयाँमध्य १२ अर्ब ५१ करोड सात लाख ७६ हजार रूपैयाँ मात्रै खर्च भएको छ । एक अर्ब ७५ करोड ४९ लाख ३४ हजार रूपैयाँ भने खर्च हुन नसकी फ्रिज भएको कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साको तथ्यांकमा उल्लेख छ ।

### ६ अर्ब बढी राजस्व संकलन

चन्द्रकान्त खनाल, रूपन्देही, ९ साउन । कृष्णनगर भन्सार कार्यालयले तोकिएको लक्ष्यको १ सय ५३ प्रतिशत बढी राजस्व उठाउँदै पहिलो पटक ६ अर्ब बढी राजस्वक संकलन गरेको छ । आर्थिक बर्ष ०७४ /०७५ मा कुल ६ अर्व ३१ करोड १८ लाख ८२ हजार राजस्व संकलन भएको छ । गत बर्ष ४ अर्व १३ करोडको लक्ष्य तोकिएको थियो । २०७३/७४ मा २ अर्ब ३७ करोड लक्ष्य तोकिएकोमा ३ अर्ब १ करोड राजश्व असुली भएको कार्यालयका भंसार अधिकृत नरेन्द्र चौधरीले वताए । चौधरीका अनुसार भन्सार कार्यालयमा ६ अर्वको आकँडा पार भएको यो पहिलो पटक हो । सबै भदा बढी जेठमा ५ करोड र असारमा ६१ करोड राजस्व संकलन भएका छन । भन्सार महसुल ३ अर्व ८ करोड १३ लाख ६५ हजार, मूल्य अभिबृद्धि कर तर्फ २ अर्व २८ करोड २१ लाख ७३ हजार तथा अन्त शुल्क तर्फ ४८ करोड ३४ लाख उठेका छ ।

### मोटरसाइकलबाट लडेर मृत्यु

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-५ तौलिहवा-गोटीहवा सडकखण्डमा युपी ३२ सिएच ६८७६ नम्बरको मोटरसाइकलको पछाडि सवार सोही ठाउँ बस्ने ४० बर्षीय अजरून निशा मंगलबार मोटरसाइकलबाट खस्न गई गम्भिर घाईते भएकीले जिल्ला अस्पताल तौलिहवा पठाएकोमा उपचारको क्रममा मृत्यु भएको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### सामुदायिक वनद्वारा बृक्षरोपण

बुटवल । श्री शिवनगर सामुदायिक वन उपभोक्ता समूहले बृक्षरोपण सम्पन्न गरेको छ । सामुदायिक बनका अध्यक्ष नारायणबाबु बस्नेत, वडा नं. ८ का अध्यक्ष भीमवहादुर श्रेष्ठ, शिवनगर इलाका बन कार्यालयका सहायक बनअधिकृत जयप्रकाश गुप्ता र वडा नं. ७ का अध्यक्ष कमलप्रसाद थापाले संयुक्त रूपमा टिकको विरूवा रोपेर उद्घाटन गरेका थिए । बृक्षारोपण कार्यक्रममा सामुदायिक बनका उपाध्यक्ष गंगावहादुर थापा मगर, सचिव श्यामकली आचार्य, तिलकप्रसाद न्यौपाने, सहसचिव ठाकुर वस्याल, पूर्णचन्द्र पाण्डे, वडा नं. ८ का जनप्रतिनिधि भवानीप्रसाद उपाध्याय, वडा नं. ९ का जनप्रतिनिधि शिवप्रसाद अधिकारी, वडा नं. ७ का प्रतिनिधि बविता बस्नेत लगायत झण्डै ५० जनाको सहभागिता रहेको थियो ।

### बालक हत्याका आरोपित कारागार चलान

रौतहट । बालक अपहरण गरी हत्या गरेको अभियोगमा पक्राउ परेका ११ जनालाई रौतहट जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ । सरकारी वकील कार्यालय मार्फत थुन्छेकको लागि अभियोग पत्रसहित पेश गरिएका अभियुक्तहरूलाई थुनछेक बहस सकिएपछि जिल्ला न्यायधीश दीपक दहालको एकल इजलासले ११ जनालाइ थुनामा राखी मुद्दाको कार्यवाही गर्ने आदेश दिएको जिल्ला अदालत उपसचिव चिन्तामणि शर्माले बताएका छन् । इजलासबाट एक जनाको हकमा ५० हजार धरौटी लिएर तारीखमा रिहा गर्ने आदेश भएको थियो । अदालतवाट तारीखमा रिहा भएका प्रतिवादी कृष्णा कुमार यादवलाई हात हतियार तथा खर खजाना मुद्दामा कारागार चलान भएको छ ।

### लागूऔषधसहित तीन जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-५ बस्नेउ १९ वर्षीय मोहसिम शाह सहित ३ जनालाई लागूऔषध ब्राउनसुगर ४ ग्राम सहित बुधबार प्रहरीले पक्राउ गरेको छ । भारतको रूपडियाबाट नेपालगंज आउँदै गरेका उनीहरूलाई सोही उपमहानगरपालिका-१५ बाट उक्त लागूऔषध सहित प्रहरीले पक्राउ गरेको हो ।

### बालकको डुबेर मृत्यु

रूपन्देही । रूपन्देहीको शुद्धोधन गाउँपालिकामा खोलामा डुबेर एक बालकको मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय रनेउराका प्रहरी निरीक्षक केशवबहादुर बस्नेतका अनुसार सो गाउँपालिका वडा नं १ चम्कीपुर निवासी नौ वर्षीय सुवास मल्लाहको डुबेर मृत्यु भएको हो । भैंसी चराएर घमाहा खोलामा पौडी खेल्न गएका उनी पौडी खेल्दाखेल्दै डुबेका थिए ।


सरकारका कामहरू सन्तोषजनक छैनन् । तथापि, अनसन वा कुनै पनि extra कानुनी माध्यमबाट सरकार ढाल्ने सम्मको नियत राख्नु उचित हुँदैन । यस्तो नजीर आफ्ना लागि पनि खतरा हुन सक्दछ । अत: डा. केसीका जायज माग पनि पुरा हुने र सरकारको वैधताको पनि सम्मान हुने सन्तुलित उपायको खोजी गर्नु आजको आवश्यकता हो । **भिमार्जुन आचार्य**


मधेशमा लाठी र काठमाडौंमा पानीको फोहराको नीति पनि बदलिएछ । गोली पनि चलाउलान् । सतर्क रहौं । त्यति बेला कसैको चित्त दुखेको थिएन यहाँ तर हाम्रो मुटु दुख्न थालेको छ । जुम्लाको घटनाले वारदातको सम्बन्ध प्रहरी कति सत्य बोल्छ, प्रमाणित भयो । अब रेशमको बारेको धारणा नि ? **वृषेश चन्द्र लाल**


नेपालको संविधान यस्तो सविधान हो जस अनुसार आमाबुवा भएका कतिपय सन्तानले वंशजको आधारमा नागरिकता पाउँदैनन् तर आमा बुवा नभएका सन्तानले वंशजका आधारमा नागरिकता पाउँछन् । **सुरेश कुमार यादव**


कति छिटो दुईतिहाईको मातलागेको ओली महाशयलाई । म त भन्दै छु सुरू देखिनै, यो बन्दा ठीक छैन । जेल ज्ञान र टुक्काले मात्र सत्ताशक्ति पचाउन गाह्रो । यति चाँडो पखाला चल्न सुरू भो । टेलर सुरू, सिनेमा बाँकी नै छ । **प्रमोद मिश्र**


प्रधानमन्त्रीले वर्षा अघि तराई/मधेशको डुबान समस्याबारे कार्यदल बनाइ अध्ययन गरेर काम थालनी गरिने भन्नुभएको थियो । यसपालि कम पानी परेकाले हो कि किन, कुरै सामसुम छ त । कहाँ पुग्यो होला अध्ययन ? **गजेन्द्र बुढाथोकी**


संविधान कार्यान्वयन एउटा ठुलो समस्या हो जो बिना संशोधन सम्भव छैन । संविधानको कार्यान्वयन र समावेशी लोकतन्त्र शीर्षकमा पार्टीको बैठक संचालन गरेर संविधान कार्यान्यवनमा रहेका समस्या रे समाधानको उपायको बारेमा चर्चा गरियो । हामी कुनै पनि त्यस्तो काम गर्दैनौं जो मधेश विरोधी हुन्छ । **कृष्णा सिंह**


राष्ट्रिय र दीर्घकालीन महत्वका सामाजिक मुद्दामा सञ्चार-माध्यमहरू एकजुट हुनुपर्छ । हिजो ज्ञानेन्द्रको तानाशाहीका बेला पनि भएका थिए । त्यतिबेला आठौं दल भएर मिडियाले हस्तक्षेप नगरेको भए निम्छरा सात दलको मात्रै प्रयासले ज्ञानेन्द्र घुँडा टेक्दैनथे । ओली भजनमण्डलीलाई हेक्का रहोस् । **लेलिन बञ्जाडे**

# इपिजी प्रतिवेदन यसै महिना दुई प्रधानमन्त्रीलाई बुझाइने

काठमाडौं । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले 'प्रबुद्ध व्यक्ति समूह' (इपिजी) प्रतिवेदनको कार्यान्वयनले नेपाल र भारतबीचको सम्बन्धमा थप सुधार हुने धारणा व्यक्त गरेका छन् । काठमाडौंमा भएको साक्षात्कार कार्यक्रममा मन्त्री ज्ञवालीले भारतसँगको सम्बन्धका बारेमा समग्र पक्षमा छलफल गरी विगतमा देखिएका कमजोरीका बारेमा आत्मसमीक्षा भएको र समीक्षापछि २१औँ शताब्दी सुहाउँदो सम्बन्धलाई अगाडि बढाउनुपर्छ भनेर समझदारी बनेको बताए । इपिजीको प्रतिवेदनले महत्वपूर्ण दिशानिर्देश दिने पनि उनले विश्वास व्यक्त गरे ।

नेपाल र भारतबीचका सन्धिसम्झौता पुनरवलोकनका लागि सुझाव दिन गठित इपिजीले तयार गरेको प्रतिवेदन यसै महिनाको अन्त्यसम्ममा दुवै मुलुकका प्रधानमन्त्रीलाई बुझाइने तयारी रहेको जानकारी पनि मन्त्री ज्ञवालीले दिए । उनले आन्तरिक मामिलाको विषय अब द्विपक्षीय छलफलको विषय नहुने स्पष्ट पारे । राष्ट्रिय हितलाई केन्द्रमा राखेर सबैसँग मित्रता र कसैसँग वैरभाव नराख्ने नीति सरकारको रहेको उनको भनाइ छ । मुलुकका आन्तरिक विषयमा मतान्तर भए पनि राष्ट्रिय हितका प्रश्नमा विभाजन हुन नहुने धारणा व्यक्त गर्दै मन्त्री ज्ञवालीले छिमेकीसँग सौहार्द्र सम्बन्ध विस्तार, दातृ निकायसँगको सहयोगमा वृद्धि, श्रम गन्तव्य मुलुकमा श्रमिकका हकहित र संयुक्त राष्ट्र संघमा नेपालको भूमिका प्रभावकारी बनाउने नै विदेश नीति रहेको बताए ।

प्रधानमन्त्री केपी शर्मा ओलीको भारत र चीनको राजकीय भ्रमणले दुवै छिमेकीसँगको सम्बन्ध थप उचाइमा पुगेको बताउँदै उनले रेल र जलमार्गका सम्बन्धमा उल्लेख्य प्रगति भएको दाबी गरे । चीनसँगको हिमालय वारपार यातायातमा बृहत् साझेदारी तथा अन्तरदेशीय प्रसारण लाइन निर्माणमा प्रगति भएको बताउँदै उहाँले छिमेकीसँगको सुमधुर सम्बन्धलाई मुलुकको आर्थिक विकासमा जोड्न सरकारको कूटनीति केन्द्रित रहेको पनि मन्त्री ज्ञवालीले बताए ।

## भारतमा विपीको स्मरण

काठमाडौं । नेपाली कांग्रेसका संस्थापक तथा पूर्वप्रधानमन्त्री विपी कोइरालाको भारतमा पनि स्मरण गरिएको छ । भारतको नयाँदिल्लीमा अन्तर्राष्ट्रिय विपी चिन्तन प्रतिष्ठानले ३६औंविपी स्मृति दिवसका अवसरमा कार्यक्रम आयोजना गरेको थियो । त्यस अवसरमा भारतका वरिष्ठ राजनीतिक विश्लेषक एवं नेपाल मामिलाका जानकार अजीत सिंहले१९८०-८९ को दशकमा वैश्विक रूपमा भएको राजनीतिक परिवर्तनपछि विपी कोइराला महान् राजनीतिक हस्ती भएको बताए । उनले सोभियत सङ्घमा कार्ल मार्क्स, चीनमा डेन र नेपालमा विपी कोइराला महान् हस्ती भएको पनि बताए ।

# आर्थिक समाचार

## गरिमा र सानिमाबीच रेमिट सम्झौता

काठमाडौं । सनिमा बैंकले गरिमा रेमिट सेवा प्रदान गर्ने सम्बन्धमा गरिमा विकास बैंकसँग सम्झौता गरेको छ । सोमबार गरिमा विकास बैंकका नायव महाप्रबन्धक माधवप्रसाद उपाध्याय र सानिमा बैंकका चिफ फाइनान्स अफिसर सरोज गुरागाईले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सानिमा बैंकका देशभर सञ्चालनमा रहेका ७४ वटा शाखा कार्यालयबाट गरिमा रेमिटमार्फत रकम भुक्तनी गर्न तथा खातामा जम्मा गर्न सकिने गरिमा विकास बैंकका प्रमुख कार्याकारी अधिकृत गोविन्द ढकालले बताए ।

## ज्योति विकास बैंक ११औं वर्षमा

काठमाडौं । ज्योति विकास बैंक आफ्नो स्थापनाको १०औं वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको छ । ११औं वर्ष प्रवेशको अवसर बैंकले विशेष कार्यक्रम आयोजना गरी मनाएको छ । वर्षिकोत्सव अवसरमा बैंकको कमलादी शाखा प्रांगण तथा सिमरा शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको जनाइएको छ । त्यसतै ,सुस्ताङमा भएको सवारी दुर्घटनामा आफ्ना श्रीमान्सहित सबै परिवार गुमाएकी रोल्पा थवाङ गाउँपालिका उवानिवासी २१ वर्षीया लिलासरी पुनमगर रोकालाई बैंकमा रोजगारी दिने निर्णय गरिएको बैंकले जनाएको छ ।

## आइएमई जनरल इन्स्योरेन्सको थप दुई शाखा

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेडले निर्जीवन बीमा सेवा विस्तारको दौरानमा आफ्ना थप दूई शाखा कार्यालयहरू चितवनको रत्ननगर टांडी र नवलपरासीको कावासोतीमा उद्घाटन गरेको छ । कम्पनीको टांडी शाखाको उद्घाटन रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष श्री राजाराम रेग्मी र कम्पनीका प्रमुख कर्याकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले संयुक्त रूपमा गरे । त्यसैगरी कावासोती शाखा कार्यालयको उद्घाटन नवलपुर उद्योग वाणिज्य संघका अध्यक्ष डासुराज पोखरेल र कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री युगेशभक्त बादे श्रेष्ठले संयुक्त रूपमा गरेका छन् ।






## 'टीनएज' टीमलाई मधेशी पत्रकार समाजद्वारा सम्मान

काठमाडौं । यही साउन २५ गतेदेखि प्रदर्शनको तयारीमा रहेको 'टीनएज' चलचित्रको टीमलाई मधेशी पत्रकार समाज नेपालले सम्मान गरेको छ । सोमबार मधेश मिडिया हाउसमा समाजले एक कार्यक्रमको आयोजना गरी टीनएजका सम्पूर्ण कलाकार, निर्देशक, निर्मातालगायतलाई दोसल्ला ओढाई सम्मान गरेको हो । समाजका केन्द्र अध्यक्षले पहाडदेखि मधेशसम्मका युवाको अवस्थाबारे टीनएजले कथावस्तु बनाएको भन्दै मधेशमा पनि यसले राम्रो सन्देश दिनसक्ने भन्दै टीनएज टीमलाई सम्मान गरिएको बताएका छन् । टीनएजका निर्देशक दिनेश पाखिनले विगतमा नेपाली चलचित्रहहरू मधेशमा नचल्नुको कारण मधेशको विषयवस्तु नसमेटिएको बताउँदै समग्र राष्ट्रको जनताले अपनत्व ग्रहण गर्ने खालको चलचित्र निर्माण गरिएको दाबी गरेका थिए । उनले हिमाल, पहाड, तराई कोही छैन पराई किताब र नारामा मात्र सीमित रहेको तर आफ्नै देश मधेशलाई विगतमा नेपाली चलचित्रले हेलाभावले प्रदर्शन गर्ने गरेको स्वीकार गरे । टीनएजका नायक



मधेशी सपुत सरोज साह निराला रहेकोले मधेशमा मन पराउने आशासमेत व्यक्त गरेका छन् । उनले भने, 'चलचित्रको विशालको सम्भावना बोकेको मधेशलाई नेपाली चलचित्र जगत् बुझ्न नसकेर नेपाली चलचित्रले आफ्नो बजार फष्ट्याउन नसकेको हो ।' मधेशी पत्रकार समाज नेपालको प्रदेश नं. ३ का अध्यक्ष विजय यादवको अध्यक्षतामा सम्पन्न सम्मान कार्यक्रममा अध्यक्ष यादवले चलचित्र टीनएजले मधेशलगायत समग्र नेपालमा सफल व्यापार गर्न सकोस् भन्दै शुभकामना व्यक्त गरेका थिए । उनले चलचित्रले युवा पुस्तालाई मार्गदर्शन गराउन भूमिका खेलोस् भन्ने आशा व्यक्त गरेका थिए । यसैगरी, कार्यक्रममा अखिल नेपाल चलचित्रकर्मी प्रदेश २ का अध्यक्ष विजय यादव निर्विज, नेपाल पत्रकार महासंघका प्रदेश सदस्य प्रवीण चौधरी प्रतीक, युवा नेता सुवासचन्द्र साहलगायतले चलचित्रको सफलताका लागि शुभकामना व्यक्त गरेका थिए । चलचित्रका निर्माता हेलेन पाख्रिन र निर्मल लामा, मुख्य कलाकारहरू सरोज साह निराला, नरेश वीर सिंह, एन्जिला खड्गी, सविना राज उपाध्याय, लिगेश भट्टराई, प्रतिक्षा खड्का, अजय खड्का, सरोज शर्मा लगायतका रहेका छन् ।


# हार्दिक शुभकामना


माननीय श्री सुरेश मण्डल

तराई-मधेश विद्यार्थी फ्रन्टका केन्द्रीय संस्थापक अध्यक्ष एवं राजपा नेपालका सहमहामन्त्री माननीय श्री सुरेश मण्डलज्यू प्रदेश नं. २ को उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**मनिष मिश्र**

**अध्यक्ष, राजपा विद्यार्थी संगठन तथा सम्पूर्ण परिवार**




## भारतीय क्याम्प अफिस बन्द हुने

काठमाडौं । भारत सरकारले विराटनगरमा खडा गरेको क्याम्प अफिस बन्द अगस्त १ अर्थात साउन १६ देखि बन्द गर्ने भएको छ । विराटनगर क्याम्प अफिस बन्द भएपछि यसले गर्दै आएको काम अब काठमाडौंस्थित भारतीय दूतावासले गर्नेछ । भारतीय दूतावासले एक पत्र जारी गर्दै विराटनगर क्याम्प अफिसले गर्दै आएको गाडीको परमिट, भारतीय नागरिकको प्रमाणपत्र दर्ता गर्ने, कागजातहरूको प्रमाणीकरण, जन्म र मृत्यु दर्ता लगायतका कामह अब साउन १६ गतेदेखि काठमाडौंस्थित भारतीय दूतावासबाट हुने र त्यहीं सम्पर्क राख्नुपर्ने जानकारी दिएको छ । जुन उद्देश्य लिएर अफिस खोलिएको थियो त्यो पूरा भएको भन्दै भारत सरकारले अब यसलाई बन्द गरेको पनि भारतीय दूतावासले स्पष्ट गरेको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं